# अर्धवार्षिक ई-बुलेटिन

आर्थिक वर्ष ०७७/७८




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

रामेछाप

Website: daoramechhap.moha.gov.np

# सम्पादक मण्डल

सल्लाहकार : प्रमुख जिल्ला अधिकारी श्री अर्जुन कुमार शर्मा (गुरागाईं)

सम्पादक मण्डल :

सहायक प्रमुख जिल्ला अधिकारी श्री तुलाराज सुनुवार
प्रशासकीय अधिकृत श्री युवराज गुरागाईं
प्रशासकीय अधिकृत श्री छवीलाल विश्वकर्मा
नायव सुब्बा श्री लक्ष्मण भुजेल
कम्प्युटर अपरेटर श्री सरोज कुमार श्रेष्ठ


प्रकाशक : जिल्ला प्रशासन कार्यालय, रामेछाप


फोन नं. : ०४८-५४०३३३ (प्र.जि.अ.)
: ०४८-५४०५०१ (स.प्र.जि.अ.)
: ०४८-५४०३७० (प्रशासकीय अधिकृत)
: ०४८-५४०१३३
फ्याक्स : ०४८-५४००८८ (**DECO**)
टोल फ्रि नं. : १६६०४८५४८८८
वेभसाइट : daoramechhap.moha.gov.np
इमेल : daoramechhap@gmail.com
फेसबुक : https://www.facebook.com/daoramechhap



प्रकाशन मिति : २०७७ माघ


सर्वाधिकार © जिल्ला प्रशासन कार्यालय, रामेछाप

# मन्तव्य



जिल्लामा शान्ति सुरक्षा कायम गरी जनताको जिउ धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उदेश्य रहेको छ । नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहको व्यवस्था सहितको नेपाल संघीय राष्ट्रको रुपमा स्थापित भएको छ ।नेपाल सरकारको संघीय कार्यालयको प्रतिनिधीको रुपमा रही प्रदेश र स्थानीय तह बिच समन्वयात्मक रुपमा काम गरि सार्वजनिक सेवालाई प्रभावकारी तुल्याई सुशासनको प्रत्याभूति गर्ने काममा जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ । प्रचलित कानुन, नेपाल सरकारको नीति, निर्देशनमा रही जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सार्वजनिक शान्ति, सुरक्षा विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा शुरु कारवाही र न्यायिक निर्णय गर्ने, सार्वजनिक सेवालाई सरल, सहज, पारदर्शिता, जनमुखी, उत्तरदायी बनाई सुशासन कायम गर्ने, विकास निर्माणका कार्यमा सहजीकरण गर्ने, निजी क्षेत्रको विकासमा सहयोगी, उपभोक्ता हित संरक्षण, महिला वालवालिका तथा ज्येष्ठ नागरिक र समाजको असहाय वर्गको संरक्षण गर्ने, दण्डहिनताको अन्त गर्ने प्रमुख भूमिका जिल्ला प्रशासन कार्यालय रहेको छ ।

सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४, नियमावली, २०६५ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ को व्यवस्थालाई सम्मान गर्दै यस कार्यालयबाट सम्पादित कार्यको सरोकारवाला निकायलाई जानकारी गराउने प्रयोजनमा आ.व. २०७७/७ को अर्धबार्षिक अवधिमा सम्पादित कार्यहरुको विवरण समेटेर अर्धवार्षिक ई-वुलेटिन २०७७/०७८ प्रकाशन गरिएको छ । यो बुलेटिन कार्यालयसँग सम्बन्धित कार्यको जानकारी चाहानुहुने महानुभावहरुको लागि उपयोगी हुनेछ भन्ने विश्वास राख्दै यस प्रकाशनको अध्ययन गरी महत्वपूर्ण सुझावको अपेक्षा गरिएको छ ।

अन्तमाः यस वुलेटिन तयार गर्न सहयोग गर्नु हुने जिल्ला प्रशासन कार्यालयमा कार्यरत सबै कर्मचारी साथीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

मितिः- ०७ माघ, २०७७


............................
अर्जुन कुमार शर्मा (गुरागाई)
प्रमुख जिल्ला अधिकारी

# विषय सूची


| | |
|---|---|
| १. रामेछाप जिल्लाको संक्षिप्त परिचय | १ |
| २. जिल्ला प्रशासन कार्यालयको संक्षिप्त परिचय | ३ |
| ३. जिल्ला प्रशासन कार्यालय रामेछापले गर्ने मुख्य मुख्य कार्यहरु | ५ |
| ४. काम, कर्तव्य र अधिकार | ६ |
| ५. चालु आ.व. ०७७/७८ मा सम्पादित कार्यहरु | ७ |
| ६. राष्ट्रिय परिचय पत्र सम्बन्धि कार्य | १० |
| ७. कार्यालय प्रमुखहरुको बैठकका निर्णयहरु | १० |
| ८. जिल्ला विपद् व्यवस्थापन समितिका निर्णयहयरु | १४ |
| ९. जग्गा विवाद सम्बन्धि छलफल बैठक | १६ |
| १०. जिल्ला विपद् व्यवस्थापन समितिद्धारा आयोजित सुरक्षा निकायरुको संयुक्त उद्धार अभ्यास कार्यक्रम | १७ |
| ११. विपद् पीडित परिवारलाई राहत वितरण विवरण | १८ |
| १२. कार्यालय सरसफाई | १८ |
| १३. इकाका प्रशासन कार्यालय पुनः सेवा सुचारु | १८ |
| १४. बजार अनुगमन | १९ |
| १५. कारागार कार्यालय अनुगमन | १९ |
| १६. सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म अनुगमन | १९ |
| १७. फुलासी चौकी अनुगमन | २० |
| १८. विभिन्न योजना/आयोजनाहरुको अनुगमन | २१ |
| १९. बजेट तथा खर्च | २३ |
| २०. कोभिड-१९ व्यवस्थापन | २४ |
| २१. जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकबाट भएका निर्णयहरु | २५ |
| २२. अन्य जरीवाना/कार्वाही | ३० |

# १. रामेछाप जिल्लाको संक्षिप्त परिचय

## १.१. नक्सा रामेछाप जिल्ला




## १.२ <u>तथ्याङ्कमा रामेछाप</u>

| | |
|---|---|
| प्रदेश | : बागमती |
| क्षेत्रफल | : १५४६ वर्ग कि.मि. |
| अक्षांश/देशान्तर | : अक्षांश २७°२८' देखि २७°५०' देशान्तर ८५°५०' देखि ८६°३५' |
| सिमाना | : पूर्वमा ओखलढुंगा (लिखु खोला),पश्चिम काभ्रे (चौरीखोला), उत्तर दोलखा (शैलुङ्गलेक) दक्षिण सिन्धुली (सुनकोशी नदी) र उत्तर पूर्व सोलुखुम्बु |
| समुद्र सतहदेखि उचाई | : ३७९ मिटर (कोलोन्जोरघाट) देखि ६९५८ मिटर (नुम्वुर चुली) |
| सदरमुकाम | : मन्थली |
| निर्वाचन क्षेत्र संख्या | : प्रतिनिधि सभा १ (एक) र प्रदेश सभा २ (दुई) |
| मुख्य जातजाति | : तामाङ, क्षेत्री, बाहुन, नेवार, शेर्पा, सुनुवार, माझी, पहरी, भुजेल, सार्की, परियार, विश्वकर्मा, मगर, गुरुङ्ग, राई, कसाई, हायू, थामी आदि । |
| कुल जनसंख्या | : २०१४२३ (महिला १०९२४० र पुरुष ९२१८३) |

## १.३ जिल्ला स्थित स्थानीय तहको विवरण

| क.स. | स्थानीय तहको नाम | केन्द्र |
|---|---|---|
| १. | मन्थली नगरपालिका | मन्थली |
| २. | रामेछाप नगरपालिका | रामेछाप |
| ३. | उमाकुण्ड गाउँपालिका | प्रीति, च्यादलु |
| ४. | खाँडादेवी गाउँपालिका | माकादुम |
| ५. | गोकुलगंगा गाउँपालिका | रस्नालु |
| ६. | लिखु तामाकोशी गाउँपालिका | धोवी |
| ७. | दोरम्बा गाउँपालिका | टोकरपुर |
| ८. | सुनापति गाउँपालिका | सादीडाँडा |

## १.४ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| क.स. | विवरण | ठेगाना |
|---|---|---|
| **धार्मिक स्थलहरु** | | |
| १. | खाँडादेवी मन्दिर | खाँडादेवी गापा |
| २. | भृङ्गेश्वर | लिखु तामकोशी गापा |
| ३. | थानापति महादेव मन्दिर | मन्थली नपा |
| ४. | नर्वदेश्वर महादेव (त्रिवेणी) | खाडादेवी गापा |
| ५. | सतलिङ्गेश्वरु महादेव | सुनापति गापा |
| ६. | केवलेश्वर महादेव | रामेछाप नपा |
| ७. | शैलुङ्गेश्वर महादेव | दोरम्बा गापा |
| ८. | गुप्तेश्वर भगवती | उमाकुण्ड गापा |
| ९. | उमातिर्थ भगवती | उमाकुण्ड गापा |

**पर्यटकीय स्थलहरु**

| क.स. | विवरण | ठेगाना |
|---|---|---|
| १. | सेर्दिङ्ग | उमाकुण्ड गापा |
| २. | शैलुङ्ग | दोरम्बा गापा |
| ३. | खाडादेवी मन्दिर | खाँडादेवी गापा |
| ४. | सुनापति डाँडा | सुनापति |
| ५. | अग्लेश्वरी | सुनापती |
| ६. | कालाडाँडा | उमाकुण्ड गापा |
| ७. | तामे | उमाकुण्ड/गोकुलगंगा |
| ८. | मालागिरी | रामेछाप नपा |
| ९. | शिवालय चुचुरे | गोकुलगंगा गापा |
| १०. | पाँचपोखरी, जट्टापोखरी | गोकुलगंगा गापा |
| ११. | ठोसे फलामखानी | गोकुलगंगा गापा |


खाँडादेवी मन्दिर


थानापति महादेव मन्दिर


ताराखसे पोखरी


जट्टापोखरी

# २. जिल्ला प्रशासन कार्यालयको संक्षिप्त परिचय

## २.१ पृष्ठभूमि

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उद्देश्य रहेको छ । यसका साथै नेपाल सरकारको संघीय कार्यालयको प्रतिनिधिको रूपमा रही सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरू रहेका छन्।

स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जिल्लाको शान्ति सुव्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा जिल्ला प्रशासन कार्यालयको प्रमुखको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने छ भन्ने व्यवस्था गरेको छ ।

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन सम्बन्धि कार्य, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरूद्धका कसुरहरूमा अर्धन्यायीक निकायको रूपमा शुरू कारवाही र न्यायीक निर्णय गर्ने, कालोबजारी नियन्त्रण गर्ने साथै विकासात्मक कार्यहरूमा समन्वय सहजीकरण गर्ने कार्यहरू रहेका छन् ।

यसका साथै नागरिकता प्रमाणपत्र जारी गर्ने, नावलक परिचय पत्र, राहदानी वितरण, राष्ट्रिय परिचय पत्र विवरण दर्ता गर्ने जस्ता नागरिकका आधारभूत अधिकारहरु अन्तर्गतका सेवा प्रवाह सम्बन्धि कार्यहरु गर्दछ । विभिन्न किसिमका सिफारिस तथा प्रमाणित, संस्था दर्ता तथा नविकरण आदि कार्यहरु यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्दछन् ।

## २.२ हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| सि.नं. | नाम,थर | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|
| १. | श्री रामनारायण सिंह | २०२८ | २०२९ चैत्र | |
| २. | श्री सम्बरबहादुर श्रेष्ठ | २०३० बैशाख | २०३१ जेठ | |
| ३. | श्री गोविन्दलाल श्रेष्ठ | २०३१ असार | २०३३ असोज | |
| ४. | श्री मोहम्मद एनुलहक | २०३३ मंसिर | २०३४ फाल्गुण | |
| ५. | श्री रामचन्द्र उपाध्याय | २०३४ जेठ | २०३६ भाद्र | |
| ६. | श्री रघुनाथ भण्डारी | २०३६ असोज | २०३९ असोज | |
| ७. | श्री कृष्णमुरारी शर्मा | २०३९ कार्तिक | २०४० फाल्गुण | |
| ८. | श्री रामचन्द्र उपाध्याय | २०४१ बैशाक | २०४२ फाल्गुण | |
| ९. | श्री माधवबहादुर विष्ट | २०४२ फाल्गुण | २०४५ बैशाख | |
| १०. | श्री हरिकृष्ण खतिवडा | २०४५ जेठ | २०४६ असार | का.मु |
| ११. | श्री रामप्रसाद खतिवडा | २०४६ श्रावण | २०४७-०३-११ | |
| १२. | श्री ऋषीराम लामिछाने | २०४७-०३-१२ | २०४७-०५-११ | |
| १३. | श्री लक्ष्मीप्रसाद भट्टराइ | २०४७-०६-०४ | २०४८-०५-३० | |
| १४. | श्री हेमराज सापकोटा | २०४८-०८-१५ | २०४९-०९-०७ | |
| १५. | श्री कृष्णकुमार नेपाल | २०४९-०९-२० | २०५१-०१-०८ | |
| १६. | श्री माधवराज शर्मा | २०५१-०१-२५ | २०५१-११-०१ | |
| १७. | श्री गजेन्द्रराम भट्टराइ | २०५१-११-२१ | २०५२-०३-०४ | |
| १८. | श्री जन्मजय रेग्मी | २०५२-०३-०९ | २०५२-०६-२१ | |
| १९. | श्री मोहनसिंह खत्री | २०५२-०७-२८ | २०५४-०९-१५ | |
| २०. | श्री गंगाप्रसाद लुइटेल | २०५४-०९-२३ | २०५५-०५-०३ | |
| २१. | श्री शंकर प्र. कोइराला | २०५५-०५-०७ | २०५६-०८-०८ | |
| २२. | श्री लोकबहादुर खत्री | २०५६-०९-११ | २०५८-०५-०२ | |
| २३. | श्री त्रिलोकप्रसाद श्रेष्ठ | २०५८-०५-१० | २०५८-११-१५ | का.मु. |
| २४. | श्री प्रेम नारायण शर्मा | २०५८-१२-१६ | २०५९-०१-२४ | |
| २५. | श्री यादवप्रसाद ढुंगाना | २०५९-०१-२६ | २०५९-०४-२१ | |
| २६. | श्री त्रिलोकप्रसाद श्रेष्ठ | २०५९-०४-०३ | २०५९-१२-०९ | का.मु. |
| २७. | श्री चुडामणी बस्याल | २०६०-०१-०७ | २०६२-०६-१३ | |
| २८. | श्री मोहनप्रसाद वाग्ले | २०६२-०६-२१ | २०६४-०२-२५ | |
| २९. | श्री सुर्यप्रसाद श्रेष्ठ | २०६४-०३-०२ | २०६५-०७-०५ | |
| ३०. | श्री कृष्ण प्रसाद पाण्डे | २०६५-०७-१८ | २०६५/०७/२२ | का.मु. |
| ३१. | श्री जीतेन्द्र ब. भण्डारी | २०६५-०७-२४ | २०६६-०९-१३ | |
| ३२. | श्री शंकर अर्याल | २०६६-१०-१० | २०६७-०९-१३ | |
| ३३. | श्री बलभद्र गिरी | २०६७-०९-२० | २०६९-०१-२४ | |
| ३४. | श्री डुल्लुराज बस्नेत | २०६९-०२-०५ | २०६९-११-२० | |
| ३५. | श्री गोपाल प्र. पराजुली | २०६९-११-२१ | २०७१-०१-२२ | |
| ३६. | श्री शम्भुप्रसाद मरासिनी | २०७१-०२-०४ | २०७२-०२-२६ | |
| ३७. | श्री वासुदेव दाहाल | २०७२-०२-३१ | २०७२-०६-२६ | |
| ३८ | श्री शेषनारायण पौडेल | २०७२-०६-२८ | २०७३-०२-२४ | |
| ३९. | श्री प्रकाशचन्द्र अधिकारी | २०७३-०२-२१ | २०७३-११-१७ | . |
| ४०. | श्री सूर्य बहादुर खत्री | २०७३-११-१८ | २०७४-०५-०९ | |
| ४१. | श्री दिलीप प्र.लामिछाने | २०७४-०५-१२ | २०७५-०१-२२ | |
| ४२. | श्री कृष्ण प्रसाद शर्मा | २०७५-०१-२३ | २०७६-०१-०२ | |
| ४३. | श्री लिला कुमारी के.सी. प | २०७५-०१-०२ | २०७६-१०-२२ | |
| ४४ | श्री रुद्रा देवी शर्मा | २०७६-१०-२४ | २०७७-०९-०६ | |
| ४५. | श्री अर्जुन कुमार शर्मा गुरागाईं | २०७७-०९-०६ | हाल सम्म | |

## २.३ कर्मचारी दरबन्दी

| क्र.स. | पद | श्रेणी | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प. प्रथम | प्रशासन | १ |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन | १ |
| ३ | प्र.अ. | रा.प. तृतीय | प्रशासन | २ |
| ४ | ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | ५ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | १ |
| ६ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | ३ |
| ७ | क.अ. | रा.प.अनं.प्रथम | नेपाल विविध | २ |
| ८ | का.स. | का.स.पाचौं | प्रशासन | ६ |
| ९ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | १ |
| जम्मा | | | | २२ |



## सूचना अधिकारी एवम् गुनासो सुन्ने अधिकारी

**तुलाराज सुनुवार**
स.प्र.जि.अ.
सम्पर्क नं. ९८६३०२३००१

## २.४. हाल कार्यरत कर्मचारीहरुको विवरण

स्वीकृत संगठन संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणीको प्र.जि.अ.को नेतृत्वमा रा.प.द्वितीय श्रेणीको स.प्र.जि.अ., रा.प.तृतीय श्रेणी प्रशासकीय अधिकृत लगायत विभिन्न सेवा, समूह र श्रेणीका गरी कुल २२ जना कर्मचारीको दरबन्दी रहेका छन् ।

| सि.नं. | पद | नाम थर | शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | अर्जुन कुमार शर्मा (गुरागाई) | - | ९८५४०५७७७७ |
| २. | स.प्र.जि.अ. | तुलाराज सुनुवार | - | ९८६३०२३००१ |
| ३. | प्रशासकीय अधिकृत | युवराज गुरागाई | - | ९८४१३४७५५९ |
| ४. | प्रशासकीय अधिकृत | छविलाल विश्वकर्मा | - | ९८४१४३११०२ |
| ५. | ना.सु. | रमेशकुमार काफ्ले | नागरिकता | - |
| ६. | ना.सु. | लक्ष्मण भुजेल | स्थानीय प्रशासन | ९८५४०४०१२३ |
| ७. | ना.सु. | जीवन श्रेष्ठ | मुद्दा | ९८४५४७९३११ |
| ८. | ना.सु. | लक्ष्मण तामाङ | नागरिकता | ९८५४०४०१२३ |
| ९. | लेखापाल | हिमाला खत्री | लेखा | ९८४४०४४८७४ |
| १०. | कम्प्युटर अपरेटर | सरोजकुमार श्रेष्ठ | स्थानीय प्रशासन | ९८६४०१८००२ |
| ११. | कम्प्युटर अपरेटर | खिलाबहादुर महत | स्थानीय प्रशासन | ९८५४०४०४१६ |
| १२. | कम्प्युटर अपरेटर | कुमारदास श्रेष्ठ | रा.प.प.वि.द. | ९८५४०४००८० |
| १३. | खरिदार | यादवप्रसाद मिश्र | राहदानी | ९८४१४३२३०४ |
| १४. | खरिदार | सम्झना भुजेल | जिन्सी/राहदानी | ९८४४२१२५४७ |
| १५. | ह.स.चा. | शान्ति के.सी. | स्था.प्रशासन | ९८५४०४३७७७ |
| १६. | का.स. | पोष्टराज आचार्य | स्था.प्रशासन | ९७४४०५९६९६ |
| १७. | का.स. | बोधराज आचार्य | स्था.प्रशासन | ९७४४०००२४६ |
| १८. | का.स. | मोहनबहादुर मगर | स्था.प्रशासन | ९७४१०८४७२७ |
| १९. | का.स. | रामबाबु खत्री | स्था.प्रशासन | ९८४४०१०१८२ |
| २०. | का.स. | बीरबल पुरी | स्था.प्रशासन | ९८४४०४४३४१ |
| २१ | का.स. | राममाया के.सी. | स्था.प्रशासन | ९८४४२८०३७७ |
| २२. | दर्ता सहयोगी | सरस्वती खत्री | स्था.प्रशासन | ९८४४१४३६९३ |

# ३. जिल्ला प्रशासन कार्यालय रामेछापले गर्ने मुख्य मुख्य कार्यहरु

## ३.१ शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्यः

- शान्ति सुरक्षा कायम गर्ने ।
- सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- जिल्ला भित्र हुन सक्ने अपराध रोकथाम तथा नियन्त्रण गर्ने र सामाजिक अपराध न्यूनीकरणका लागि समुदायस्तर सम्म सचेतीकरण गर्ने ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।
- जिल्ला भित्र रहेका विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचनाहरुको सुरक्षा प्रबन्ध मिलाउने।

## ३.२ स्थानीय प्रशासन सम्बन्धी कार्यः

- कर्मचारीहरुको अभिलेखन व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धि कार्यहरु गर्ने ।
- संघ संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने ।
- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने ।
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- सार्वजनिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एवं निर्देशन अनुरुप भ्रष्टाचारको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी पेश गर्ने ।
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धि कार्य गर्ने।
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने ।
- नावालक परिचय पत्र प्रदान गर्ने ।
- सार्वजनिक यातायात, सुशासन कायम गर्ने ।
- पारिवारिक विवरण/ पारिवारिक पेन्सन सम्बन्धी सिफारिस/प्रमाणित गर्ने ।
- आदिवासी/जनजाति, दलित, लोपोन्मुख जाति सिफारिस गर्ने।
- छापाखाना तथा पत्रपत्रिका दर्ता गर्ने ।
- कार्यालयमा भैपरी आउने कार्यहरु गर्ने/गराउने ।

## ३.३ नागरिकता सम्बन्धी कार्य

- बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
- बैवाहिक अंगिकृत नागरिकताको प्रमाणपत्र वितरण गर्ने।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वितरण गर्ने ।
- नागरिकता सम्बन्धि अभिलेख प्रमाणित तथा सिफारिस गर्ने ।
- थर, जन्म मिति लगायत सानातिना त्रुटीहरु संशोधन गर्ने ।

## ३.४ राहदानी सम्बन्धी कार्यः

- राहदानी फाराम संकलन गर्ने/सिफारिस गर्ने ।
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने ।
- राहदानी वितरण गर्ने ।

## ३.५ विपद् व्यवस्थापन सम्बन्धी कार्यः

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने
- जिल्लामा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धमा आवश्यक कार्य गर्ने/गराउने ।
- विपद् व्यवस्थापनमा स्थानीय तह र अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक सहकार्य तथा समन्वय गर्ने ।
- विपद् पीडितहरुलाई स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने ।
- मनसुन पूर्वतयारी कार्ययोजना तयार गर्ने र कार्यान्वय गर्ने/गराउने ।
- विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यक कार्य गर्ने/गराउने ।
- सबै स्थानीय तहमा रहेको स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउन समन्वय गर्ने ।
- विपद्को क्षति विवरण संकलन तथा विपद् पीडितहरुलाई क्षतिपूर्ति एवं राहत वितरण गर्ने ।

➢ खोज तथा उद्धार सामाग्री सहित QRT/IRT को व्यवस्था गर्ने ।

### ३.६ अर्धन्यायिक कार्य:

➢ प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने ।

➢ विषेश ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने

➢ सार्वजनिक शान्ति विरुद्धको कसुरहरुको शुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।

➢ जिल्लाका विकास निर्माण सम्बन्धि गतिविधिहरुको अवलोकन, निरीक्षण, आएका समस्याहरुको समाधान गर्ने।

### ३.७ बजार अनुगमन तथा उपभोक्ताहित सम्बन्धि कार्य :

➢ दैनिक उपभोग्य बस्तु तथा सेवाको सहज आर्पूर्ति, पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने

➢ उपभोक्ताहित संरक्षणको लागि सचेतीकरण गर्ने । उपभोक्ताहित सम्बन्धी कार्य गर्ने ।

### ३.८ लागू औषध नियन्त्रण सम्बन्धि कार्य :

➢ लागू औषध तथा मदिराको प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वास्थ, सदाचारी, नैतिकवान बनाउने अभियानको रुपमा लागूऔषध विरुद्ध सचेतना अभियान सञ्चालन गर्ने ।

➢ गृह मन्त्रालयबाट तयार भएको लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७५ को अधिनमा रही निर्माण गरिएको लागूऔषध नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०७५ लाई अद्यावधिक गरी कार्यान्वयन गर्ने।

### ३.९ अन्य कार्य

➢ संघीय, प्रादेशिक र स्थानीय सरकार बीच समन्वय गर्ने।

➢ जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने ।

➢ जिल्ला स्तरीय कार्यालयहरुको निरीक्षण तथा अनुगमन गर्ने।

➢ विकास निर्माण कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

➢ जिल्ला स्थित प्रादेशिक तथा स्थानीयस्तरका कार्यालयहरु

➢ बीच सहयोग र समन्वय गर्ने ।

➢ सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

➢ जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा सुशासन कायम गर्ने तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग, समन्वय तथा अनुगमन गर्ने ।

➢ नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णय एवं निर्देशन बमोजिम कार्य गर्ने ।

## ४. काम, कर्तव्य र अधिकार

स्थानीय प्रशास ऐन, २०२८ लगायतका अन्य ऐन कानूनहरुले तोके बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

- शान्ति सुरक्षा सम्बन्धी कार्य ।
- जिल्ला स्थित कार्यालयहरुको समन्वय एवं अनुगमन ।
- नेपाली नागरिकताको प्रमाण पत्र तथा प्रतिलिपी नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य ।
- राहदानी सिफारिस तथा वितरण ।
- साविकमा भएका विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- नावालक परिचय पत्र जारी तथा प्रतिलिपी दिने कार्य ।
- साविकमा भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी।
- हातहतियार इजाजत दर्ता, नविकरण एवं प्रतिलिपी दिने कार्य ।
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धि कार्य ।
- शान्ति सुरक्षा माग गरेमा विश्लेषण गरी सुरक्षा प्रदान गर्ने कार्य ।
- नाम, थर, उमेर फरक परेमा सिफारिस गर्ने कार्य ।
- कुनै व्यहोरा प्रमाणित एवं सिफारिस गर्ने कार्य ।
- बजार अनुगम गर्ने कार्य ।
- तोकिएका न्यायिक कार्य ।
- अन्य निकायबाट तोकिएका कार्यहरु ।
- कुनै पनि निकायमा नतोकिएका कार्यहरु ।

## ५. चालु आ.व. ०७७/७८ को श्रावण ०१ देखि पौष मसान्तसम्म सम्पादित कार्यहरु

### ५.१ अर्धबार्षिक कार्यप्रगति विवरण

| क्र.स. | विवरण | परिणाम |
|---|---|---|
| १. | नेपाली नागरिकता प्रमाणपत्र नयाँ | २९८० |
| | प्रतिलिपी | १२६४ |
| २. | नावालक परिचय पत्र | १६ |
| ३. | राहदानी द्रुत सिफारिस | ६३५ |
| | कार्यालयबाट सिफारिस | ५७४ |
| | वितरण | ३४० |
| ४. | सिफारिस तथा प्रमाणित | २२१ |
| ५. | अनुगमन | |
| | बजार अनुगमन पटक | १० |
| | कार्यालय अनुगमन पटक | ३ |
| | विकास निर्माणसँग सम्बन्धित योजना/आयोजनाहरु | ४ |
| ६. | संस्था दर्ता | २२ |
| | संस्था नविकरण | ६० |
| ७. | मुद्दा दर्ता (अ.ल्या.समेत) | ५३ |
| | मुद्दा फैसला | १६ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी | ७ |
| | अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्राप्त फछ्र्यौट | ३ |
| ९. | ठाडो उजरी दर्ता | ४१ |
| | ठाडो उजुरी फछ्र्यौट | ४१ |
| १०. | जिल्ला सुरक्षा समिति बैठक | १७ |
| ११. | जिल्ला विपद् व्यवस्थापन समिति बैठक | २ |
| १२. | कार्यालय प्रमुख बैठक | ५ |
| १३. | कोभिड-१९ सम्बन्धि बैठक | ७ |
| १४. | सर्वपक्षीय बैठक | १ |
| १५. | अन्तर जिल्ला समन्वय बैठक (रामेछाप-ओखलढुंगा-दोलखा-सोलुखुम्बु-काभ्रे) | ४ |
| १६. | प्रमुख प्रशासकीय अधिकृतसँग बैठक | १ |
| १७. | स्थानीय तहका प्रमुख/अध्यक्षहरुसँगको बैठक | १ |
| १८. | विविध बैठक | ४ |
| १९. | विपद् पीडित (मृतक सहित) राहत वितरण २६ घर परिवारलाई | रु. ५८४०००।- |
| २१. | सवारी दुर्घटना पीडितलाई क्षतिपूर्ति वितरण | ५ लाख |
| २२. | राजस्व संकलन | रु. ३९४०२०८।- |
| २३. | चालू खर्च (प्रतिशतमा) | ५७.४७% |
| २४. | पूँजीगत खर्च (प्रतिशतमा) | ४०.१०% |

### ५.२ जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु

#### ५.२.१ जिल्ला सुरक्षा समितिको बैठक

जिल्लामा शान्ति सुरक्षा कायम गर्न, एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक गरी अपराधजन्य तथा गैरकानूनी क्रियाकलापलाई नियन्त्रण गर्न, कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न, जिल्लाको समग्र शान्ति सुरक्षा तथा अमनचयन एवं सुशासन कायम गर्न १७ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी गरिएका निर्णयहरु पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

#### ५.२.२ स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम

समाजमा घट्न सक्ने विभिन्न अपराधजन्य क्रियाकपाल एवं लागू औषधको अवैध ओसारपसार, शान्ति सुरक्षा भंग हुने विभिन्न हिसात्मक गतिविधि लगायत जिल्ला स्थित संघ र प्रदेश तहका कार्यालयहरुबाट प्रवाह हुने सेवा, विकास निर्माण, विपद् व्यवस्थापन, सामाजिक कुरीति/कुप्रथा, बालविवाह, वहुविवाह, योजना तर्जुमा छनौट, कार्यान्वय विषयमा सरोकारवाला जिल्लाका स्थानीय तहमा स्थानीयसँग छलफल अन्तरक्रिया गरिएको र छलफलमा उठेका विषयहरु, सुझावहरु लगायत विकास निर्माणसँग सम्बन्धित समस्याहरुको तत्काल समन्वय गरी सम्बोधन गर्ने गरिएको ।

#### ५.२.३ चाडपर्व लक्षित सुरक्षा योजना

रामेछाप जिल्लामा मनाइने तीज, दशै, तिहार, जस्ता चाडपर्वहरुमा हुन सक्ने चोरी, डकैती, लुटपाट, झै-झगडा, हत्या हिंसा लगायतका अपाराधिक गतिविधिलाई नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाई निरन्तर चेकजाँच, गस्ती, अभिमुखीकरण, सूचना प्रवाह गरी विशेष सुरक्षा योजना बनाई कार्यान्वयन गरी जिल्लाको शान्ति सुरक्षा कायम गरिएको ।

#### ५.२.४ लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना अद्यावधिक

लागू औषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्य योजना, २०७६ लाई अद्यावधिक गरी आ.व. ०७७/०७८ को लागू औषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्य योजना, २०७७ निर्माण गरिएको छ । सोही कार्य योजना बमोजिम गाँजा अन्दाजी ३७४५ बोट फडानी गरिएको र घरेलु मदिरा ३६० लिटर नष्ट लगायत विभिन्न कार्यक्रम सञ्चालन गरी नियन्त्रण गरिएको छ ।

## ५.२.५ राजमार्गमा हुने अवरोध हटाउने रोष्टर/समूह र कार्ययोजना निर्माण

राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ अनुसार राजमार्ग नजोडिएको जिल्ला भएतापनि आ.व. ०७७/०७८ मा १ पटक समन्वय समितिको बैठक बसी राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को अनुसूची १ बमोजिम कार्यका लागि समूह परिचालन कार्ययोजना, २०७७ निर्माणगरी बाढी, पहिरो एवं कुनै कारणबाट सडक मार्ग अवरोध/अवरुद्ध भएमा सरोकारवालाहरु सँगको समन्वयमा तत्काल सञ्चालनमा ल्याई समूह परिचालन गरिएको छ ।

सडकमा हुने अवरोध हटाउनको लागि नेपाल प्रहरीको QRT र सशस्त्र प्रहरी बल नेपालको IRT खटाउने गरिएको। साथै सडक अवरुद्ध भएमा सरोकारवालाहरुसँग समन्वयगरी अवरुद्ध सडक खुलाउने गरिएको ।

## ५.२.६. अन्तर जिल्ला समन्वय बैठक

सिमा जोडिएका रामेछाप-दोलखा, रामेछाप-सोलुखुम्बु, रामेछाप-ओखलढुंगा र रामेछाप-सिन्धुली-काभ्रेपलाञ्चोकसँग १/१ पटक गरी जम्मा ४ पटक जिल्ला सुरक्षा समिति बिच शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, सेवाप्रवाह लगायतका विषयमा आपसी सहयोग तथा समन्वय अभिवृद्ध गर्न अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।

## ५.२.७. उजुरी र गुनासो सम्बोधन

विभिन्न ४१ वटा ठाडो उजुरी मध्ये ४१ वटा फछ्र्यौट गरिएको छ । पर्न आएका उजुरी र गुनासो सम्बन्धमा सम्बन्धित निकायलाई लेखि पठाउने, सम्बन्धित व्यक्तिलाई झिकाई मेलमिलाप गराउने, फछ्र्यौट गर्न लगाउने, क्षतिपूर्ति तिर्न लगाउने गरिएको ।

## ५.२.८ सदाचार पद्धतिको विकास

सरकारी निकाय/संघ संस्थाले गरेका योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई, भ्रष्टाचारका ८ वटा उजुरी मध्ये ३ वटा फछ्र्यौट गरिएको र ५ वटा प्रक्रियामा रहेका छन् । सबै सरकारी कार्यालयलाई भए गरेका खर्चको सार्वजनिक गर्न निर्देशन गरिएको, सार्वजनिक निकाय/कार्यालयमा हुन सक्ने अनियमित कार्यको सुक्ष्म अनुगमन भएको ।

## ५.२.९ सुरक्षा निकाय तथा मातहतका इकाईहरुको अनुगमन

जिल्ला शान्ति सुरक्षा सुव्यवस्था काय गर्ने, अपराध नियन्त्रण गर्ने, विपद् व्यवस्थापन लगायतका कार्यहरुलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी कार्यालय १ पटक, जिल्ला प्रहरी कार्यालय १ पटक, ५ वटा इलाका प्रहरी कार्यालय मध्ये २ वटा, १० वटा प्र.चौ. र १ वटा अस्थायी पोष्ट सबै अनुगमत तथा निरीक्षण गरी आवश्यक निर्देशन दिईएको छ ।




## ५.३ सुशासन प्रवर्धनका लागि गरिएका कार्यहरु

### ५.३.१ कार्यालयको आन्तरिक व्यवस्थापन

**क) कार्यालयको सरसफाई**

जिल्लामा स्थित सबै कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर स्वच्छ र सफा राख्न निर्देशन दिएको साथै यस कार्यालयमा महिनाको दुई पटक प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष अगुवाईमा कार्यालयका सम्पूर्ण कर्मचारी सहित सरसफाई गर्ने गरेको । कार्यालय परिसरमा फूल तथा विरूवा रोपिएको तथा ठाउँ ठाउँमा Dust Bin राखिएको छ ।

**ख) नागरिक वडापत्र**

कार्यालयको काम कारवाही खुला र पारदर्शी रुपमा गर्न, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउन तथा सूचनालाई अपांगमैत्री बनाउन सबैले देख्ने किसिमले यस कार्यालयमा लिखित रुपमा भित्ते लेखन गरी नागरिक वडापत्र राखिएको छ । साथै सेवाग्राहीको लागि श्रव्यदृष्य नागरिक बडापत्र समेत राखिएको छ ।

## ग) स्तनपान कक्ष

कार्यालयलाई लैंगिकमैत्री बनाउन यस कार्यालयमा सेवा लिन आउने सेवाग्राही महिलाको लागि आफ्नो नानीबाबुलाई दुध खुवाउनको लागि स्तनपान कक्षको स्थापना गरी सेवा दिदै आएको छ ।

## घ) सामाजिक न्यायको व्यवस्था

विभिन्न किसिमका हिंसामा परेका व्यक्तिहरुलाई सोझै यस कार्यालयमा आई प्र.जि.अ./स.प्र.जि.अ. समक्ष आफ्ना गुनासाहरु राख्न पाउने व्यवस्था गरिएको छ । सो गुनासाहरु उपर आवश्यक छानविन पश्चात नियमानुसार फछ्र्यौट गरी सामाजिक न्याय प्रदान गर्ने गरिएको छ ।

## ङ) भौतिक संरचनाको पुन:निर्माण र सुधार

कार्यालयको भौतिक संरचनाको पुन:निर्माण, गोलघर निर्माण लगायत रंगरोगन गरी मर्मत सम्भारका कार्यहरु गरिएको छ।

## च) बिचौलियाहरुलाई कार्यालय प्रवेश निषेध

विभिन्न किसिमका बिचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निषेध गरी सेवाग्राहीहरुलाई आफ्नो काम आफै गराउन आउन प्रेरित गर्ने गरी Help Desk को व्यवस्था गरिदै आएको छ ।

## छ) सेवाग्राहीको व्यवस्था

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि First Come, First Serve भन्ने सिद्धान्त अनुरुप सेवा प्रदान गरिदै आएको छ

## ज) खानेपानी तथा प्रतिक्षालयको व्यवस्था

कार्यालयमा आउने सेवाग्राहीहरुलाई प्रतिक्षालयको व्यवस्थापन गरी शुद्ध खानेपानीको लागि फिल्टर राखी खानेपानीको व्यवस्था गरिएको, शितलताको लागि पङ्खा सहित बस्ने स्थानको व्यवस्था समेत गरिएको छ ।



## झ) विभिन्न किसिमका निवेदन निशुल्क उपलब्धताको व्यवस्था

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि आवश्यक पर्ने विभिन्न किसिमका निवेदनहरु कार्यालयको कर्मचारी मार्फत नि:शुल्क रुपमा उपलब्ध गराउने तथा लेखपढ गर्न नजान्ने लागि लेखी दिने समेत व्यवस्था गरिएको छ ।

## ञ) अपाङ्गमैत्री एवं जेष्ठ नागरिक सेवा प्रवाह

कार्यालयमा सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरिक, गर्भवती र साना बच्चा भएका, एकल महिला अपाङ्गता भएका व्यक्तिलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता दिई सेवा प्रदान गरिदै आएको छ ।

## ट) शौचालय व्यवस्थापन

यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको सुविधाको लागि महिला पुरुष र अपाङ्गका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरी सेवा प्रदान गरिदै आएको छ ।

## ठ) सूचना प्रवाह

यस कार्यालयबाट भएका कार्यक्रम लगायत वा हुने कार्यक्रहरुको जानकारी SMS System, इमेल एवं Web Side मार्फत सूचना प्रवाह गर्ने गरिएको छ ।

## ड) बगैंचा निर्माण तथा हरियाली प्रबद्धन



## ढ) चार्जर स्टेशन

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको लागि कार्यालयमा चार्जर स्ट्रेशनको व्यवस्था गरिएको छ ।

## ण) CCTV को प्रयोग

## त) टोल फी नम्बर र फ्रि WiFi को व्यवस्था

१६६०४८५४८८८

## ६. राष्ट्रिय परिचयपत्र स्थायी दर्ता विवरण संकलन शुभारम्भ

राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यस कार्यालयबाट राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता गर्ने कार्य मिति २०७७/०४/०१ बाट एक कार्यक्रम गरि राष्ट्रिय परिचयपत्र स्थायी दर्ता विवरण संकलन कार्य शुभारम्भ गरिएको छ । राष्ट्रिय परिचयपत्र विवरण दर्ताको शुभारम्भ जिल्ला समन्वय समितिका प्रमुख प्रेम बहादुर खड्काको विवरण दर्ता गरि सो कार्यको शुभारम्भ गरियो । यस ६ महिनामा दर्ता स्टेशनबाट २४०८ जनाको विवरण दर्ता भईसकेको छ ।



नागरिकहरुको सबै खालका वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी विवरण एकीकृत रुपमा व्यवस्थापन गर्ने उद्देश्य अनुरुप राष्ट्रिय परिचयपत्र वितरणका लागि स्थायी विवरण दर्ता स्टेशन स्थापना गरि राष्ट्रिय परिचयपत्र स्थायी विवरण दर्ता गराई तिन वर्ष भित्र देशभर राष्ट्रिय परियचपत्र वितरण गर्ने लक्ष्य अनुरुप यस जिल्लाबाट पनि विवरण संकलनको कार्य थालनी गरिएको छ ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ता संकलन कार्य यस कार्यालयमा नागरिकता बनाउन आउने र तोकिए बमोजिमका कागज पत्र लिएर आउने अन्य नागरिकहरुको विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा पठाईने र विभागबाट प्राप्त भए पछि सम्बन्धित व्यक्तिलाई उपलब्ध गराईने छ । हाललाई यो कार्य जिल्ला प्रशासन कार्यालय अन्तर्गत दर्ता विवरण स्टेशन कक्षबाट सञ्चालन गरिएको छ । पछि नेपाल सरकारको नीति अनुरुप रामेछाप जिल्लाका ८ वटा स्थानीय तहमा टोलि खटाई विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ ।

**राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि आवश्यक पर्ने कागजातहरु:**

– सक्कल नागरिकता प्रमाणपत्र

– सम्भव भएसम्म बाबु/आमा/पति/पत्नि को नागरीकताको प्रमाणपत्र

माथिका उल्लेख कागजात सहित स्वयम राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन मा उपस्थित भई दर्ता स्टेशनमा प्राप्त फारममा सम्पूर्ण विवरण सहित पेश गर्नु पर्नेछ।

## ७. कार्यालय प्रमुखहरुको बैठकका निर्णयहरु

**(श्रावण ०५, २०७७)**

1. आ.व. ०७६/७७ को विनियोजित बजेट मध्ये संघको तर्फ ७९.२१ % पूँजीगत तर्फ ४८.५९ % प्रदेश तर्फ चालु ६६.७० % र पूँजीगत तर्फ ७५.४८ % प्रगति भएको समीक्षा गरियो ।
2. आ.व. २०७७/०७८ को बजेटको प्रभावकारी कार्यान्वयनका लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
3. वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारी चरण पूरा गरी कार्यक्रम/आयोजनाको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी श्रावण मसान्त भित्र बोलपत्र आह्वानको तयारी गर्ने ।
4. आयोजना/कार्यलय प्रमुखले अन्य कर्मचारीहरुलाई कार्य विवरण, कार्यसम्पादन सूचकहरु तयार गरी आवश्यक अधिकार, जिम्मेवारी र उत्तरदायित्त्व सहित खटाउने ।
5. नेपाल सरकारबाट जारी हुने सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड/ निर्देशिका, २०७७ बमोजिम कार्य गर्ने व्यवस्था मिलाउने ।
6. सूचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिम प्रत्येक कार्यालयहरुबाट सम्पादन भएका कार्यहरु सहितको वार्षिक विवरण र प्रत्येक ३/३ महिनामा भएका कार्यहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
7. सबै कार्यालयले सूचना अधिकारी मार्फत सम्बद्ध सूचनाको जानकारी शिघ्र प्रवाहको व्यवस्था मिलाउने ।
8. आर्थिक वर्ष समाप्त भएको सन्दर्भमा कार्यालयहरु नै खाली हुने गरी कर्मचारीहरु काज/विदामा बस्ने परिपाटीको अन्त्य गरी आवश्यकताका आधारमा मात्र काज/विदा स्वीकृत गर्ने/गराउने व्यवस्था मिलाउने । कार्यालयमा काम नरोकिने व्यवस्था मिलाउने ।
9. कोभिड-१९ सम्बन्धि सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गराउने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।
10. कार्यालय परिसर नियमित रुपमा सरसफाई गर्ने, लिलाम गर्नु पर्ने सामान समयमा नै लिलाम बिक्री गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पतिको संरक्षण गर्ने ।
11. घरेलु तथा साना उद्योग कार्यालयले प्रशासन तथा स्थानीय तहसँग समन्वय गरी नियमित बजार अनुगमनको व्यवस्था मिलाउने ।
12. यस बर्षको मनसुन सुरु भएकोले बाढी पहिरो, डुवानका कारण हुने भौतिक पूर्वाधारमा क्षतिको आंकलन गरी नियन्त्रण तथा रोकथाम गर्ने व्यवस्था मिलाउने ।
13. विद्युत, संचार, खानेपानी लगाएत अत्यावश्यक सेवाको नियमित आपूर्ति र मर्मत संभारको व्यवस्था मिलाउने ।

14. कृषि ज्ञान केन्द्रले जिल्लाको रासायनिक मलको माग, जिल्लालाई प्रयाप्त हुने रासायनिक मलको परिमाण अध्यावधिक गरी मल विउ विजनका नियमित आपूर्तिको व्यवस्था मिलाउने ।

15. पूर्वाधार निर्माण आयोजना र कार्यालयका बाहिरी जिल्लाबाट आउने कामदार/कर्मचारीलाई जिल्ला प्रशासनको समन्वयमा ल्याई क्वारेन्टाइनमा राखी तत्पश्चात काम गर्ने व्यवस्था मिलाउने ।

16. स्वास्थ्य कार्यालयले भारत लगाएत तेस्रो मुलुकबाट आएका नागरिकहरुको तथ्याङ्क अध्यावधिक गर्ने, क्वारेन्टिन र आइसोलेसनमा पर्याप्त स्वास्थ्यकर्मी खटाउने, अनुगमन गर्ने र जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रमा प्रतिवेदन गर्ने।

17. जिल्ला अस्पतालले नियमित PCR परीक्षणको व्यवस्था मिलाउने, प्रदेश सरकार तथा जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार ५० (पचास) बेडको Isolation तयार गर्ने आवश्यक व्यवस्था मिलाउने ।

18. सबै कार्यालयले गुर्जो, कागती लगाएत अन्य बिरुवाहरु कार्यालय परिसरमा रोप्ने व्यवस्था मिलाउने ।



(भाद्र १६, २०७७)

1. सबै कार्यालयहरुले आफ्नो कार्यालयको चल अचल सम्पत्ति अद्यावधिक गरी सुरक्षित राख्ने ।
2. कार्यालय परिसर सफा, हरियालीयुक्त राख्ने, एक कर्मचारी एक विरुवा रोप्ने अभियान सञ्चालन गर्ने ।
3. कार्यालय परिसरमा नागरिक सहायता कक्ष, सफा पिउने पानी, हातधुने व्यवस्था, अपाङ्गमैत्री शौचालय, महिलामैत्री शौचालयको व्यवस्थापन गर्ने ।
4. कोभिड-१९ को संक्रमणको जोखिम बढ्दै गएको, काठमाण्डौ उपत्यका लगायत छिमेकी जिल्लामा समेत संक्रमण उच्च गतिमा बढेकोले अत्यावश्यक नपरी जिल्ला बाहिर आवत-जावतमा नियन्त्रण गर्ने, मातहतका कर्मचारीलाई पनि पूर्ण रुपमा निगरानी गरी सुरक्षित रहने उपाय अपनाउने ।
5. हाललाई समुदाय स्तरमा गर्नुपर्ने तालिम, गोष्ठी, बैठक सञ्चालन नगर्ने, विकास आयोजना लगायत बार्षिक विकास कार्यक्रम अनुरुप कार्यालयबाटै गर्न सकिने काममात्र मापदण्डको पूर्ण पालना सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
6. सरुवा/वढुवा भई आउने कर्मचारी बाहेक बाहिरि जिल्लाबाट कर्मचारीहरु आवत-जावत नगराउने गराउनै पर्ने भए जिल्ला प्रशासन कार्यालको समन्वयमा गर्ने ।
7. आयोजनाको पूर्व तयारी, खरिद आयोजना, विस्तृत डिजाइन, लागत अनुमान, बोलपत्र आव्हानको कार्य शिघ्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।
1. विद्युत, टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध भई राखेको पाइएकोले शिघ्र मर्मत संभारको व्यवस्था मिलाई नियमित सेवा प्रवाहको व्यवस्था मिलाउने ।
2. सबै प्रशासकीय अधिकृतहरुले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि लगाईएको निषेधाज्ञा जारी गरिएको सूचनाको पालना भए नभएको पालिका स्तरमा अनुगमन गरी सोको प्रगति प्रतिवेदन पेश गर्ने ।
   क) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक स्वास्थ्य सामग्री खरिद गर्ने, क्वारेन्टिन र आइसोलेसन निर्माण गर्ने, बाहिरबाट आवत-जावतलाई आवश्यक निगरानी, नियन्त्रण तथा सहजीकरणको व्यवस्था गर्ने ।
   ख) वडा स्तरसम्म जनचेताना सम्बन्धि सूचना/जानकारी प्रसारण गर्ने ।
   ग) शव व्यवस्थापनको लागि आवश्यक साधन, उचित स्थान पहिचान गरी तयारी अवस्थामा राख्ने ।
12. घरेलु तथा साना उद्योग विकास कार्यालयबाट निरन्तर बजार अनुगमन र खाद्यान्न आपूर्तिको व्यवस्थाको अनुगमन गर्ने।
13. जिल्ला स्वास्थ्य कार्यालले क्वारेन्टिन र आइसोलेसनको अनुगमन गर्ने । जनस्वास्थ्य मापदण्डको पालना गर्ने/गराउने, कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धि जनचेतनामूलक सन्देश प्रसारण गर्ने, जोखिमयुक्त बस्ती, समुदाय, व्यक्तिको परिक्षणको दायरा बढाउने ।
14. सबै सरकारी कार्यालले बार्षिक रुपमा उत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई पुस्कृत गर्ने ।
15. जिल्ला विपद् व्यवस्थापन समितिले बार्षिक प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन समितिमा बुझाउने प्रयोजनको लागि जिल्ला स्थित ८ वटै स्थानीय तहहरुलाई आ.व. ०७६/७७ मा स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको कार्यहरुको विवरण माग गरिएकोमा हालसम्म मन्थली, रामेछाप (नगरपालिका), दोरम्बा, लिखु तामाकोशी र सुनापति (गाउँपालिका) बाट मात्र प्राप्त भएको हुँदा बाँकी पालिकाहरुको प्रमुख प्रशासकीय अधिकृतले तत्काल पठाउने ।

16. यस पूर्व भएका निर्णय कार्यान्वयनको समीक्षा गरी कार्यान्वय नभएका निर्णयहरु कार्यान्वय गर्ने ।

17. निजामती सेवा दिवसको अवसरमा सबै कार्यालयले आ-आफ्नो कार्यालय र परिसर सरसफाई गर्ने र सरसफाइको व्यवस्थालाई निरन्तरता दिने ।



**१३, आश्विन २०७७**

1. विगतका बैठकहरुमा गरिएका निर्णयहरुको समिक्षा गरियो । सो अनुसार कामकारवाही नगरेका कार्यालयहरुले अविलम्व कार्य सम्पादन गर्ने ।
2. सबै कार्यालयले प्रदान गर्ने सेवाको नागरिक वडा पत्र नराखेको भए राखी त्यसको १ प्रति ४ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने । गुनासो/सुझाव पेटिका राखेर प्रभावकारी गुनासो व्यवस्थापनको व्यवस्था मिलाउने ।
3. घर, जग्गा, सवारी साधन लगायतको विवरण पठाउन बाँकी कार्यालयहरुले ४ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
4. नेपाल टेलिकमको यस जिल्ला भित्रको माग अनुरुप नेटवर्कको क्षमता विस्तार, ADSL सेवा BTS जडान लगायतका माध्यमद्वारा मोवाइल, टेलिफोन र इन्टरनेटको पहुँच र गुणस्तर सुधार गर्ने व्यवस्था मिलाउने ।
5. कोभिड-१९ को संक्रमणको जोखिम न्यून गर्न सकिने उपायहरुद्वारा सेवा प्रवाहको व्यवस्था मिलाउने, फिल्डमा गएर दिन सकिने सेवा भए फिल्डमानै सेवा दिने व्यवस्था मिलाउने ।
6. आफ्ना कार्यलयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता, कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा जोड दिने ।
7. संघ, प्रदेश तथा स्थानीय तहबाट भएका विकास आयोजना समयमै सम्पन्न नहुने, सम्पन्न आयोजनाको गुणस्तर कमजोर हुने, निर्माणमा दोहोरो लगानी पर्ने जस्ता कमी कमजोरी तथा गुनासाहरु, उजुरहरु प्राप्त हुन आएकोले कार्यालय प्रमुख/आयोजना प्रमुखले उल्लेखित विषयलाई उच्च प्राथमिकतामा राखी समयमै ठेक्का सम्झौता गर्ने, सम्बन्धित निकायसँग समयमै कार्य सम्पादन गर्ने, नियमित फिल्ड अनुगमन गर्ने, सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने ।
8. विकास निर्माणसँग सम्बन्धित कार्यालयले पूँजीगत खर्च बढाउन उच्च प्राथमिकतामा राखेर कार्य सम्पादन गर्ने।
9. आवश्यक काम नपरी जिल्ला बाहिर आवात जावत नगर्ने, काज तथा विदा स्वीकृत नगराई नजाने, जानै पर्ने भएमा औचित्य पुष्टि सहित जिल्ला प्रशासन कार्यालयबाट सवारी साधनको अनुमति लिई जाने, अनुमति नलिई जिल्ला बाहिर जान लागेका सवारी साधनलाई ट्राफिक प्रहरी/प्रहरी चेक पोष्टमा रहेका सुरक्षा कर्मीले रोक लगाउने । विमा नगरिएका सवारी साधनलाई सञ्चालन अनुमति उपलब्ध गराने छैन ।
10. कार्यालयका कर्मचारी सेवाग्राहीको उच्च निगरानी गरी सुरक्षित रहने उपाय अपनाउने ।
11. सम्पूर्ण कार्यालयहरुले आफ्नो Official ID मा कार्यालयको मासिक कार्य प्रगति र खर्चको विवरण सार्वजनिकीकरण गर्ने ।
12. स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवा, मास्क तथा स्यानीटाइजरको मुल्य, प्रयोग र गुणस्तर सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयले अनुगमन गर्ने ।
13. स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।
14. सबै कार्यालयहरुले जनताले सुशासनको प्रत्यक्ष अनुभूति गर्न सक्ने गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शिता र सेवाग्राहीमैत्री ढंगले सञ्चालन गर्ने । सेवाग्राहीका गुनासाहरुलाई महत्व दिई उचित संबोधनको व्यवस्था मिलाउने । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउने ।
15. कर्मचारीहरुले अपेक्षित आचरण व्यवहार प्रदर्शन गरी अनुकरणीय बनाउने । कुनै कर्मचारीले गलत आचरण व्यवहार प्रदर्शन गरी जिम्मेवारीबोध नगरेको पाइएमा कार्यालय प्रमुखले विभागीय कारवाहीको लागि प्रक्रिया अगाडी बढाउने । कामकारवाहीमा पारदर्शिता कायम गर्ने, समय पालना, नियमितता जस्ता आधारभूत पक्षहरुको कडाइका साथ कार्यान्वय गर्ने ।
16. सूचनाको हक सम्बन्धि ऐन, नियम बमोजिम ३/३ महिनामा सार्वजनिक गर्ने विवरण सबैले सार्वजनिक गर्ने।

17. जिल्ला कारागारमा कैदी/बन्दी ल्याउँदा परीक्षण गराएर मात्र ल्याउने, परिक्षणको report नआएसम्म छुट्टै राख्ने, अनावश्यक रुपमा बाहिरको भेटघाट बन्द गर्ने व्यवस्था मिलाउने ।

18. कुनै न्यायिक प्रकृया, रिट, मुद्दा मामिला मा लिखित जवाफ सम्बन्धि विषयमा समस्या भएमा सरकारी वकील कार्यालयसँग समन्वय गरी कार्य गर्ने ।



**मंसिर ३०, २०७७**

1. यस पूर्व बैठकको निर्णयको समीक्षा गरियो । सो अनुरुप कार्य नभएका कार्यालयले अविलम्ब कार्य सम्पादन गर्ने ।
2. अधिकांश कार्यालयको वित्तीय भौतिक प्रगति सन्तोषजनक नदेखिएकोले कार्यालय प्रमुख/आयोजना प्रमुखले गम्भिरतापूर्वक लिई पूँजीगत खर्च वृद्धि गर्न आग्रसरता लिने ।
3. संघ/प्रदेश र स्थानीय तहबाट निर्माण हुने पूर्वाधार सम्बन्धि आयोजनामा दोहोरो लगानी नपर्ने गरी सम्बन्धित निकायसँग समन्वय गरी सम्पन्न गर्ने/गराउने।
4. सवारी साधनको विमा गर्न बाँकी भए तुरुन्त गराउने ।
5. बक्यौता बेरुजू भए फछ्यौंट गर्ने र बेरुजूलाई शुन्यमा झार्ने ।
6. कार्यालय प्रमुखहरुले कसैको दवाव र प्रभावमा परी कार्य नगर्ने/नगराउने, कार्यालयबाट प्रदान गर्ने सेवालाई सरल, सहज, प्रभावकारी, मितव्ययी बनाउँदै उच्चस्तरको कार्य सम्पादनमा जोड दिने ।
7. लामो समय देखि शुरुवात भई समयमा सम्पन हुन नसकेका रुग्ण आयोजनाहरुको सम्बन्धमा आयोजना प्रमुखले नियमित अनुगमन गर्ने, सरोकारवालासँग बैठक राखी छलफल गराउने, अटेरी गर्ने, लापरवाही गरी कार्यमा अवरोध सिर्जना गर्ने उपर प्रचलित कानून बमोजिम कार्वाही प्रकृया अगाडी बढाउने ।
8. जिल्ला निर्वाचन कार्यालयको भनव २०७४ साल देखि निर्माण शुरु भएतापनि हाल २५ प्रतिशत मात्र काम भएको देखिन्छ । २०७७ चैत्रमा सम्पन्न हुने गरी म्याद थप गर्दा समेत काम सुचारु भएको नपाइएकोले निर्माण व्यवसायी, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय लगायत सरोकारवालासँग तुरुन्त बैठक राखे, कार्यालय प्रमुखले पुनः ताकेता गरी प्रचलित कानून बमोजिम प्रक्रिया अगाडी बढाउने ।
9. कार्यालयबाट हुने कार्यको जानकारी एवं सूचनाहरु सरोकारवाला सबैले जानकारी पाउने गरी Website कार्यालयको Facebook तथा सञ्चार माध्यमहरु मार्फत प्रचार प्रसार गराउने ।
10. सरकारी/सार्वजनिक जग्गाको अतिक्रमण, सरकारी/सामुदायिक वनको अतिक्रमणका गुनासाहरु आएकोले कार्यालय प्रमुख/आयोजना प्रमुख स्वयम जिम्मेवार भई प्रचलित कानून विपरीतका कार्यलाई निरुत्साहित गरी रोक लगाउने ।
11. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्ने ।
12. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम २४ (क) बमोजिम सबै कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोकी नाम, सम्पर्क नं. र फोटो सहितको विवरण फ्लेक्स बोर्ड (Flex Board) बनाई कार्यालय परिसर भित्र उपयुक्त स्थानमा राखे ।
13. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ (ख) (४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नु पर्ने व्यवस्था भए बमोजिम सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरुमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरण छुट्टाछुट्टै अभिलेख राखे व्यवस्था मिलाउने ।
14. कोभिड-१९ को संक्रमण कायमै रहेकोले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी गराई सेवा प्रवाह, विकास निर्माणको कार्य गर्ने/गराउने, कार्यालयमा कर्मचारीलाई संक्रमण देखिएमा संक्रमित व्यक्तिलाई छुटै राखी कार्यालय बन्द नगरी सेवा दिने व्यवस्था गर्ने ।

# ८. जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु

श्रावण १३, २०७७

1. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ५३० जनाको PCR परीक्षण गरिएको, २५ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल २ जना आइसोलेसनमा हरेक, ४७८ जना क्वारेन्टनमा राखिएकोमा ३६९ फिर्ता भई हाल ८७ जना क्वारेन्टिनमा रहेका छन् । हाल ५०९ वटा क्वारेन्टिन वेड र ८९ वटा आइसोलेसन वेड रहेका छन् । नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि आदेश, २०७७ जारी भए पछि भारत बाहेक ११ वटा मुलुकबाट ९७ जना यस जिल्लामा ल्याइएको समीक्षा गरियो ।
2. कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न जनस्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी सार्वजनिक सेवा, विकास निर्माण र व्यापार व्यवसाय सञ्चालन गर्ने ।
3. कोभिड-१९ को संक्रमणको जोखिम कायम भएकोले सबै पालिका, निजी क्षेत्र, स्वास्थ्य संस्था, राजनैतिक दल, गैसस महासंघ, नेपाल रेडक्रस सोसाइटी, पत्रकार महासंघ, सुरक्षा निकाय लगायत सबै सेवा प्रदायकले अनिवार्य मास्क लगाउने, एक अर्का बिच निश्चित दूरी कायम गर्ने र साबुन वा स्यानीटाइजरले अनिवार्य हात धुने व्यवस्थाको लागि प्रचार प्रसार गर्न अनुरोध गर्ने ।



4. विगत केही दिन देखि भएको वर्षा, क्षति र सम्भावित जोखिमको बारेमा जानकारी भयो, बाढी, पहिरो, डुवान सम्भावित जोखिमबाट सुरक्षित तथा सतर्कता अपनाउन सबै तहबाट सूचना जारी गर्ने ।
5. मौसम पूर्वानुमान विभागद्वारा जारी गरिएको सूचना बमोजिम बाढी, पहिरो, डुवानबाट सुरक्षित रहन जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्ला स्थित पत्रकार महासंघद्धारा स्थानीय एफ.एम. रेडियोमा सूचनाहरु प्रचार प्रसार गर्न अनुरोध गर्ने
6. पूर्व सचेतना उद्दार कार्य एवं नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न जिल्ला स्थित सुरक्षा निकायहरु तयारी अवस्थामा रहन अनुरोध गर्ने ।
7. विपद्जन्य घटनाबाट हुने क्षतिलाई न्यूनिकरण गर्दै विपदजन्य घटनामा पूर्व तयारी, उद्धार एवं राहत र पुनर्लाभ कार्यको लागि स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विषयगत कार्यालयहरु, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था, सञ्चार माध्यमहरुले आ-आफ्नो क्षेत्रबाट क्रियशिल भई कार्य गर्ने ।
8. खोज उद्दार तथा राहत सामाग्री जिल्ला तथा स्थानीय तहमा आवश्यकता अनुसार भण्डारणको व्यवस्था गर्ने ।
9. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा प्राप्त सुझावहरु समावेश गरी पारित गर्ने ।
10. आ.व. ०७६/७७ मा जिल्ला विपद् व्यवस्थापन समितिको खातामा रहेको आम्दानी रु.२३,७९,६०९।- (तेइस लाख उनान्असी हजार छ सय नौ मात्र) र खर्च रु. १६,८५,९१०।- (स्रोह लाख पचासी हजार नौ सय दश मात्र) तथा बाँकी खातामा रु. ६,९३,६९९।- (छ लाख त्रिनब्बे हजार छ सय उनान्सय मात्र) जानकारी एवं अनुमोदन गरियो ।
11. जिल्ला विपद् व्यवस्थापन समितिबाट सबै पालिकाहरुमा तपसिल बमोजिमका राहत सामाग्रीहरु विभिन्न मितिमा वितरण गरिएको जानकारी गराइयो ।
12. जोखिममा रहेका वस्तीको पहिचान गरी त्यस्ता वस्तीको संरक्षण तथा वस्ती स्थानान्तरण लगायतको कार्य गर्न आवश्यक बजेट स्रोत साधनको व्यवस्था सहितको प्रस्ताव स्थानीय तहले तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सरकार तथा संघीय सरकारमा पठाउने ।
13. बाढी, पहिरो, डुवान जस्ता उच्च जोखिममा रहेका स्थानमा बसोबास गर्ने नागरिकलाई खाली भवन, स्थान पहिचान गरी सुरक्षित स्थानमा बसोबास गर्ने व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा सबै स्थानीय तहले मिलाउने ।

14. स्थानीय तहको विपद् व्यवस्थापन समितिलाई सकृय बनाई सूचना, सतर्कता तथा तत्काल उद्धार र पुर्नस्थापना गर्ने ।
15. सबै पालिकामा रहेका हेभि इक्विपमेन्ट, गल, बेल्चा, सावेल, प्राथमिक स्वास्थ्य उपकरण तयारी अवस्थामा राख्ने।
16. विपद्बाट भएको धनजनको क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई शिघ्र उपलब्ध गराउने ।
17. जिल्लाकै दुर्गम पालिकामा रहेको उमाकुण्ड गाउँपालिकाको उपयुक्त स्थानमा सम्बन्धित पालिकाले हेलिप्याट निर्माण गर्ने । उक्त कार्यको लागि स्थान छनौट तथा प्राविधिक सल्लाहको लागि श्री नयाँ गोरख गणलाई अनुरोध गर्ने ।
18. विपद् पीडित उद्दार र राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड २०७७ को ३ (च) बमोजिम मनसुनको अवधिमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भई घरवार विहिन भएकाहरुका लागि २०७२ सालको भुकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयबाट आवश्यक बजेट माग गरी शहरी विकास मन्त्रालयले आवास निर्माण कार्य गर्ने व्यवस्था मिलाउने व्यवस्था अनुसार सो कार्य शहरी विकास तथा भवन निर्माण कार्यालयले गर्ने । मापदण्डको ३ (ज) बमोजिम विपद् पीडितहरुलाई क्षति भएको घर पुनः निर्माणका लागि प्रचलित कानून बमोजिम जिल्ला स्थित वन कार्यालय मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने ।
19. राहत वितरण गर्दा तथा पीडितलाई उद्दार गरी अस्थायी आश्रय स्थलमा राख्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, वालवालिका, जेष्ठ नागरिक, विरामी तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यवस्था गर्ने ।
20. विद्यालय जाने उमेर समूहका बालबालिकाको पाठ्यपुस्तक बिद्यालय पोषाक लगायत शैक्षिक सामाग्री विपद्को कारणले नष्ट भई तत्काल व्यवस्था गर्नु पर्ने भएमा सामाजिक संघ संस्था तथा गैरसरकारी संघ संस्था र सम्बन्धित विषयगत निकायको समन्वयमा स्थानीय तह मार्फत उपलब्ध गराउने ।
21. विपद्को प्रकृति अनुरुप पीडितहरुको खोज तथा उद्दार गर्ने कार्यको लागि न्यूनतम २५ जनाको जनशक्ति परिचालन गर्ने गरी व्यवस्था मिलाउने ।
22. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको नियमित आपूर्तिको व्यवस्था तथा उचित मात्रामा खाद्यान्न भण्डारणको व्यवस्था जिल्ला स्थित उद्योग बाणिज्य संघले मिलाउने ।
23. भौतिक पूर्वाधार निमार्ण गर्दा भवनसंहिताको पूर्ण रुपमा पालना गर्ने/गराउने व्यवस्था सम्बन्धित निकायले मिलाउने
24. तेस्रो मुलुकबाट आएका नागरिकलाई काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट रामेछापसम्म ल्याउनको लागि २०७७ भाद्र ०३ गते देखि नेपाल रेडक्रस सोसाइटी रामेछापको समन्वयमा सबै पालिकाले व्यवस्था गर्ने ।
25. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण तथा विपद् व्यवस्थापनमा सहयोग गर्नु हुने सम्पूर्ण जिल्लाबासी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**श्रावण १३, २०७७**

1. आ.व. ०७७/०७८ को श्रावण देखि हालसम्म यस जिल्लामा भएका बाढी, पहिरो, आगलागी लगायतका विपद्का घटना सो सम्बन्धमा सम्बन्धित निकायहरुबाट भएका प्रयास, राहत र उद्वारको व्यवस्थापन लगायतका विषयमा पुनरावलोकन तथा समिक्षा गरियो ।
2. जिल्लामा हुने विपद्का घटनाहरुमा तत्काल र व्यवस्थित रुपमा प्रतिकार्य, राहत तथा उद्वारका कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सबै स्थानीय तहहरुले स्थानीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिमा समेत Quick Response Team (QRT)/Immediate Response Team (IRT) गठन गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने ।
3. यस आ.व.मा विपद् पीडित भएका देहायका परिवारहरुलाई राहत स्वरुप हालसम्म वितरण गरिएको रकम रु. ५,८४,०००।- (पाँच लाख चौरासी हजार मात्र) अनुमोदन गर्ने ।
4. जाडोको समयमा जिल्लाका हिमाली क्षेत्रहरुमा हिमपात हुन सक्ने र सो कारणबाट मूलतः विपन्न परिवारहरुलाई धेरै समस्या हुने हुँदा सम्बन्धित स्थानीय तहले हिमपात हुन सक्ने त्यस्ता स्थान र विपन्न परिवार पहिचान गरी राहतको लागि तयार रहने साथै संभव भएसम्म हिमपात सम्बन्धी पूर्व सूचना प्राप्त गरी प्रवाह गर्ने र सतर्क रहन समेत जनसमुदायलाई जानकारी गराउने ।

5. "बहुप्रकोपीय विपद्मा भूकम्पीय सुरक्षा, साझा सहकार्यमा जनधनको रक्षा " भन्ने नाराका साथ मिति २०७७ माघ २ गतेका दिन २३ औं भुकम्प सुरक्षा दिवस, २०७७ जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षता तथा नगरपालिका एवं गाउँपालिकाहरुमा प्रमुख/अध्यक्षको अध्यक्षतामा कृतिम अभ्यास सहित विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मनाउने ।

6. राष्ट्रिय योग दिवस, २०७७ (माघ १ गते) "गरौं योग डटेर, कोभिड जान्छ हटेर" भन्ने नाराका साथ जिल्ला स्थित क्रियाशिल राजनीतिक दलका प्रमुखहरु, जिल्ला स्थित सबै कार्यालयका कार्यालय प्रमुखहरु सदस्य र जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालयका कार्यालय प्रमुख सदस्य-सचिव रहने गरी योग दिवस मनाउन जिल्ला स्तरीय समिति गठन गर्ने।

7. राष्ट्रिय योग दिवस २०७७ को अवसरमा सञ्चालन भएको एक हप्ताको योग प्रशिक्षण कार्यक्रम सोही दिन विहान ७:०० बजे जिल्ला आयुर्वेद कार्यालयको योग हलमा अन्तरक्रिय गरी समापन गर्ने साथै सोही अवसरमा सबै स्थानीय तहले विविध कार्यक्रम सञ्चालन गरी भव्य रुपमा मनाउने ।

8. मनसुनको समयमा हुने विपद् लगायत अन्य विपद् पीडित र आकस्मिक रुपमा दुर्घटनाबाट हुने घाइते, अन्य विरामी तथा सुत्केरीको उद्धार गर्ने प्रयोजनका लागि "एक वार्ड एक हेली प्याड" निर्माणको अभियानलाई सबै स्थानीय तहहरुले कार्यान्वयनमा ल्याउने ।

9. जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गत रहेको सामानहरु वितरण गर्नको लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहायको समिति गठन गर्ने र सो समितिले जनसंख्या र भौगोलिक अवस्थाको आधारमा सबै स्थानीय तहहरुलाई वितरण गर्ने र ३० प्रतिशत सामाग्रीहरु समिति अन्तर्गत राख्ने ।

| | |
|---|---|
| - स.प्र.जि.अ. | संयोजक |
| - सुरक्षा निकायका प्रमुखहरु | सदस्य |
| - नेपाल रेडक्रस सोसाइटीका सभापति | सदस्य |
| - जिल्ला समन्वय अधिकारी | सदस्य-सचिव |

10. यस आ.व.को मनसुनबाट भएका विपद्का घटनामा पीडितहरुको खोज, उद्धार तथा राहत कार्यमा सहयोग गर्ने जिल्ला समन्वय समिति, रामेछाप सबै स्थानीय तहहरु, सम्पुर्ण राजनीतिक दलहरु, सरकारी निकायहरु, नेपाल रेडक्रस सोसाइटी, नेपाल पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, अन्य सरोकारवाला गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज, लगायत सर्वसाधारण सबैलाई धन्यवाद दिने साथै निरन्तर सहयोगको अपेक्षा समेत गर्दछौं ।

## ९. जगगा विवाद सम्बन्धि छलफल बैठक

1. धोवी-ढाँडे-सिरिसे सडक आयोजनाको धोवी बजार देखि ढाँडे सम्मका विभिन्न Chainage हरुमा उक्त सडकको ठेक्का प्राप्त गरेको निर्माण व्यवसायी श्री रामेछाप गोल्डन जे.भी.सँग भएको ठेक्का सम्झौता बमोजिम त्रुटी सच्याउने समयावधि बाँकी नै रहेको हुँदा साविकको B.O.Q. भित्रका कार्यमा सम्झौता बमोजिम तत्काल मर्मतको कार्य गर्न निर्माण व्यवसायीलाई DLPIU/GMAIL मार्फत निर्देशन दिने ।
2. उल्लेखित सडक खण्डको स्टोन सोलिङ्गसँग सम्बन्धित सबै कामको मर्मत कार्य लिखु-३ र लिखु-४ जलविद्युत आयोजनाहरु र लिखु तामाकोशी गाउँपालिकाले त्रिपक्षिय रुपमा छुटै करार सम्झौता गरी सम्पन्न गरी निर्वाध रुपमा सवारी साधन आवागमनको सुनिश्चितता गर्ने/गराउने ।
3. यस कार्यको समग्र अनुगमन, समन्वय एवं व्यवस्थापनको कार्य लिखु तामाकोशी गाउँपालिकाले गर्ने ।
4. लिखु तामाकोशी गाउँपालिका भित्रका प्रदेश सरकारको बजेटबाट सञ्चालित सडक आयोजनाहरु यथाशीघ्र सम्पन्न गर्न/गराउन प्रदेश पूर्वाधार कार्यालयलाई निर्देशन दिने ।





## १०. जिल्ला विपद् व्यवस्थापन समितिद्वारा आयोजित सुरक्षा निकायहरुको संयुक्त उद्दार अभ्यास कार्यक्रम
















अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस,२०७७ को अवसरमा जिल्ला सुरक्षा समिति, रामेछापद्वारा आयोजित सुरक्षा निकायहरुले संयुक्त प्रयासमा अभ्यास कार्यक्रमद्वारा सडक सवारी दुर्घटना भएको बेला उद्दार गर्ने तरिका सम्बन्धि नमुना प्रस्तुत गरिएको थियो । यसरी सवारि दुर्घटना साथै विपद्का समयमा उद्दारका लागि निकायगत भुमिका, पुर्व तयारी शिघ्र उद्दार गर्ने विषयलाई  नमुना मार्फत प्रस्तुत गरिएको थियो।

## १९. विपद् पीडित परिवारलाई राहत वितरण

| क्र. स. | नाम थर | ठेगाना | प्रकोपको प्रकार | राहत रकम |
|---|---|---|---|---|
| १ | सुरमान माझी | मन्थली नपा-६ | आगोलागी | ५०००।- |
| २ | सृजना कार्की | खाँडादेवी गापा-७ | अविरल वर्षा | १५०००।- |
| ३ | खम्ब बहादुर बुढाथोकी | मन्थली नपा-१२ | आगोलागी | २००००।- |
| ४ | अर्जुन बहादुर खड्का | मन्थली नपा-१४ | अविरल वर्षा | ४०००।- |
| ५ | दलबहादुर बस्नेत | उमाकुण्ड गापा-२ | अविरल वर्षा | २००००।- |
| ६ | तिलक बहादुर नेवार | उमाकुण्ड गापा-२ | अविरल वर्षा | २००००।- |
| ७ | रामचन्द्र बस्नेत | उमाकुण्ड गापा-२ | अविरल वर्षा | १५०००।- |
| ८ | धन बहादुर श्रेष्ठ | उमाकुण्ड गापा-२ | अविरल वर्षा | १५०००।- |
| ९ | खम्बध्वज बस्नेत | उमाकुण्ड गापा-२ | अविरल वर्षा | १५०००।- |
| १० | जीत बाहादुर श्रेष्ठ | दोरम्बा गापा | आगोलागी | २००००।- |
| ११ | डम्बर कुमारी सुनुवार | दोरम्बा गापा | अविरल वर्षा | १५०००।- |
| १२ | राम कार्की | खाँडादेवी गापा | अविरल वर्षा | १५०००।- |
| १३ | तिर्थराज भट्टराई | मन्थली नपा | अविरल वर्षा | १५०००।- |
| १४ | नारायण बुढाथोकी | मन्थली नपा-१२ | आगोलागी | १५०००।- |
| १५ | मनोज बुढाथोकी | मन्थली नपा-१२ | आगोलागी | १५०००।- |
| १६ | जुना बुढाथोकी | मन्थली नपा-१२ | आगोलागी | १००००।- |
| १७ | रणबहादुर सार्की (मृतकको बाबु) | मन्थली नपा-७ | आगोलागी | २०००००।- |
| १८ | वेदहरी उपाध्याय | उमाकुण्ड गापा-३ | आगोलागी | १५०००।- |
| १९ | सिता कुमारी श्रेष्ठ | लिखु तामाकोशी गापा-६ | आगोलागी | १५०००।- |
| २० | चन्द्र बहादुर सार्की | सुनापति गापा-५ | आगोलागी | १५०००।- |
| २१ | सावित्रा खड्का | मन्थली नपा-१ | आगोलागी | १५०००।- |
| २२ | कृष्णकुमार मानन्धर | सुनापति गापा-५ | अविरल वर्षा | १५०००।- |
| २३ | शिव बहादुर खड्का | मन्थली नपा-११ | भुकम्प | २००००।- |
| २४ | धन बहादुर बढाथोकी | लिखु तामाकोशी गापा-७ | अविरल वर्षा | २००००।- |
| २५ | तेज बहादुर कार्की | लिखु तामाकोशी गापा-७ | अविरल वर्षा | १५०००।- |
| २६ | बोध बहादुर प्रधान | रामेछाप नपा-३ | आगोलागी | २००००।- |
| | जम्मा | | | ५८४०००।- |

## १२. कार्यालय सरसफाई

राष्ट्रिय सरसफाई अभियान नियमित संचालन गर्ने कार्यक्रम अनुरुप कार्यालय समय पश्चात कार्यालयका सम्पूर्ण कर्मचारीहरु सम्मिलित कार्यालय परिसर सरसफाई गरिएको छ । साथै कार्यालय परिसरमा गमला राखि फूलका, गुर्जो र कागती लगायतका बिरुवाहरु रोप्ने कार्य गरी कार्यालयलाई स्वच्छ, सफा र हराभरा बनाउने कार्यलाई अघि सारिएको छ । यो कार्य आगामी दिनहरुमा पनि निरन्तर चलिरहने छ । सवै जिल्लावासी निकाय उद्योगी व्यवसायी, संघसंस्था तथा कार्यालय प्रमुखहरुलाई नियमित रुपमा कार्यालय परिसर तथा कार्यस्थल सरसफाई गर्न अनुरोध गरिएको छ ।



## १३. इलाका प्रशासन कार्यालय पुनः सेवा सुचारु

यस कार्यालय अन्तर्गत रहेको इलाका प्रशासन कार्यालय, लाप्चाने, प्रीति केही समय देखि बन्द अवस्थामा रहेकोमा पुनः मिति २०७७/०६/२७ गते देखि सेवा सुचारु गरिएको छ । सुचारु लगतै आश्विन मसान्त सम्मा जम्मा २५९ वटा नागरिकता वितरण गरिएको छ । साथै उमाकुण्ड गाउँपालिका वडा नं. ३,४ र ५ का पदाधिकारीहरुसँग संयुक्त बैठक बसी व्यक्तिगत घटना दर्ताको अनुपात बढाउने, सामाजिक कुरीति, हिंसा, दुर्व्यवहार न्यूनीकरण सम्बन्धमा जनचेतना मूलक कार्यक्रम भएको ।



## १४. बजार अनुगमन

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड पालना भए/नभएको विषयमा लगायत मूल्यवृद्धि, कालोबजारी नियन्त्रण तथा उपभोक्ता स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तुहरूको बिक्री वितरणमा नियन्त्रण गर्ने तथा अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, रामेछापको नेतृत्व एवं घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालय, उपभोक्ता हित संरक्षण लगायत विषयगत कार्यालयहरुको प्रतिनिधि सहितको टोलीले संयुक्त रूपमा मिति २०७७/०५/०२ र ०३ गते मन्थली नगरपालिका वडा नं. १ स्थित मन्थली बजारका खाद्य/किराना, तरकारी, फलफुल, हार्डवेयर तथा टायर पसलहरूको अनुगमन गरिएको थियो । उल्लेखित पसलहरुबाट म्याद गुज्रेका फलफुल तथा खाद्य सामग्रीहरु जफत गरिएको थियो । हाडवयर पसलबाट म्याद नाघेका इनामेल, पेन्ट लगायतका सामाग्रीहरु जफत गरिएको थियो । अनुगमनका क्रममा अनमिका स्टोर्स, मन्थलीले म्याद नाघेको/सडेगलेको तथा लेबल नखुलेको विभिन्न खाद्यान्न बिक्री गरिरहेको पाईएकोले उक्त स्टोर्सलाई रू.२०,०००।—(अक्षरेपी बीस हजार रूपैयाँ) र गणेश टायर सेन्टर, मन्थलीले अनुगमन टोलीलाई खरिद तथा बिक्री बिल बिजक माग गरेको बखत उपलब्ध नगराएकोले उक्त टायर सेन्टरलाई रू.१०,०००।-(अक्षरेपी दश हजार रूपैयाँ) जरिवाना गरी अन्य व्यवसायीहरुलाई आवश्यक निर्देशन दिएको थियो ।



## १५. कारागार कार्यालयको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट रामेछाप जिल्लामा रहेको एक मात्र कारागार कार्यालयको मिति २०७७/०५/२१ र २०७७/०९/११ गते अनुगमन गरि उक्त कार्यालयको जनशक्तिको अवस्था, भौतिक अवस्था, कोभिड-१९ ले पारेको प्रभावको अवस्था, कोभिड-१९ को संक्रमणबाट बच्ने उपाय, कैदी बन्दीको जिवनस्तर, कैदी बन्दीहरुको गुनासो र समस्याहरु बुझी सम्पूर्ण समस्या समाधानको लागि निर्देशन भई प्रतिवेदन गृह मन्त्रालय र कारागार विभागमा पठाइएको ।

## १६. सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्मको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट मिति २०७७/०५/१९ गते सशस्त्र प्रहरी बल नेपालको अनुगमन भएको छ । गृह मन्त्रालयबाट प्राप्त पत्रानुसार रामेछाप विमानस्थल विस्तार आयोजना अनुरुप सशस्त्र प्रहरी बलको क्याम्प स्थानान्तरण गर्नु पर्ने सम्बन्धमा हाललाई विमानस्थालको दक्षिण तर्फ खाली स्थानमा व्यवस्थापन गर्न नागरिक उड्डयान कार्यालय, रामेछापसँग छलफल गरी सोही अनुरुप नागरिक उड्डयान प्राधिकरणसँग राय माग्ने कार्य भएको छ ।

## १७. कालो बजार तथा नाफाखोरी अन्तर्गत मुद्दा दायर

कृषक जागरण कृषी सहकारी संस्था लि. को केन्द्रबाट रासायनिक मल बिक्री वितरण सम्बन्धमा यस कार्यालयमा गुनासो आई तत्काल यस कार्यालयको नेतृत्वमा अनुगमन हुँदा उक्त बिक्री केन्द्रबाट सहकारीका व्यवस्थापक पदम बहादुर लामालाई कालो बजार तथा नाफाखोरी अन्तर्गत मद्दा दर्ता गरी कार्वाही गरिएको छ ।

## १७. फूलासी प्रहरी चौकीको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट रामेछाप जिल्ला मन्थली नगरपालिकावडा नं. १४ अन्तर्गत रहेको फुलासी प्रहरी चौकीको मिति २०७७/०५/२२ गते अनुगमन गरि देहाय बमोजिमको निर्देशन र सुझाव दिएको छ ।

- हाल चौकी समुदाय नजिक रहेकोले काम गर्न कठिनाई भएकोमा चौकी नजिकै रहेको कालि देवी उ.मा.वि. को नयाँ भवन बनेर खाली भएकोले वडामा छलफल गरी सोही विद्यालयको प्राङगणमा अस्थायी रुपमा राख्न जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिइएको ।
- स्थायी रुपमा चौकी बनाउन, आवश्यक देखिएकाले नगरपालिका/वडा सँग समन्वय गरी जग्गा खोजी गर्न जिल्ला प्रहरी कार्यालयलाई निर्देशन भएको ।

हाल १० जनाको दरबन्दी रहेको चौकीमा ५ जना कार्यरत भएकोमा कोभिड-१९ को रोकथाम र नियन्त्रणमा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी रुपमा परिचालित हुन निर्देशन भएको ।

**कोभिड-१९ बाट सुरक्षित रहौं**

**अत्यावश्यक काम नपरी बाहिर हिड्डुल नगरौं,**

**सार्वजनिक र कार्यस्थलमा जाँदा निश्चित दूरी कायम गरौं,**

**साबुनपानी वा स्यानिटाइजरले हात धुने गरौं,**

**मास्कको अनिवार्य प्रयोग गरौं ।**






**मास्क लगाऔं, जीवन बचाऔं।**

मास्क लगाउनुहोस्

साबुन पानीले आफ्ना हात धुनुहोस्

सुरक्षित दूरीमा रहनुहोस्

## १८. विभिन्न योजना/आयोजनाहरुको अनुगमन



उमाकुण्ड गाउँपालिकामा कार्यक्रम



उमाकुण्ड, प्रितिमा रहेको क्वारेन्टिन



लिखु-२, पावर हाउस



इलाका प्रशासन कार्यालय, लाप्चाने



लिखु-ए ड्याम साइट

रामेछाप जिल्लाको दुर्गम ठाउँमा अवस्थित उमाकुण्ड गाउँपालिकामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा DCCMC, राजनीतिक दल तथा पत्रकारहरु सहितकाका टोलिहरुले **मिति २०७७/०५/२७, २८ र २९ गते** अनुगमन गरिएको छ उक्त टोलिले पालिकाको विभिन्न स्थानमा भएको आइसोलेसन तथा क्वारेन्टाईनको अनुगमन गरिएको छ । टोलिले पालिकामा स्वास्थ्यका मापदण्ड, कोभिड-१९ सँग सम्बन्धित विषयमा वडा अध्यक्ष, पालिकाका कर्मचारी, स्वास्थ्यकर्मी तथा स्थानीय बासी सँग अन्तक्रिया गरिएको थियो । उक्त पालिकामा रहेका लिखु-ए, लिखु-१ र लिखु-२ आयोजनाको अनुगमन गरी आयोजनाहरुमा कामदारको अवस्था, स्वास्थ्य मापदण्ड पालना भए नभएको र आयोजनाका कामदारको लागि बनाईएको आईसोलेसन तथा क्वारेन्टाईनको निरिक्षण गरी, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न/गराउन आयोजना संचालनमा आएका विवादको स्थानीय तहसँग समन्वय गरी समाधान गर्न निर्देशन भएको छ ।

# सडक अनुगमन






## सित्खा-गोलगनपानी कालो पत्रे सडक अनुगमन

सित्खा-गोगनपानी सडकको कालोपत्रे भएको अधिकांश भागको तेस्रो पक्ष (स्वतन्त्र) प्राविधिक टोली खटाई अध्ययन गराई सत्य तथ्य पत्ता लगाउन र कमजोरी देखिए जिम्मेवार व्यक्ति तथा निकायलाई नियमानुसार कारवाही गरी गुणस्तरीय कार्य गराउन पहल गरी जनगुनासो व्यवस्थापनमा सहयोग गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाईएको छ ।







## पुष्पलाल (मध्यपहाडी) राजमागर्ग सडक अनुगमन

रामेछाप खण्डमा पर्ने पुष्पलाल (मध्यपहाडी) राजमागर्ग सडक सम्बन्धमा जनगुनासो पश्चात प्र.जि.अ. सहित जिल्ला सुरक्षा समितिका पदाधिकारीले अनुगमन निरीक्षण गरी स्थानीय व्यक्तिहरुसँग बुझ्दा देखिएका समस्याहरु अविलम्ब समाधान गर्न र समयमा नै सडक निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाईएको छ ।

## १९. बजेट तथा खर्च

| सि.नं. | विवरण | बजेट / आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | **विनियोजन** | | | |
| | ब.उ.शि.नं. चालु | १४५००००० | ८३३३३७३.९६ | ६१६६६२६.०४ |
| | ब.उ.शि.नं. पूँजीगत | २०००००० | ८०२११४ | ११९७८८६ |
| | **जम्मा** | १६५००००० | ९१३५४८७.९६ | ७३६४५१२.०४ |
| २ | **खर्च बजेट** | | | |
| | ब.उ.शि.नं. सञ्चित विदा | | | |
| | ब.उ.शि.नं. औषधि उपचार | | | |
| ३ | **ख-६ विविध** | | | |
| | गत आ.व.अ.ल्या. | ३३१२१२२०.५ | | |
| | यस आ.व.को आम्दानी | १७२५७०७.१ | | |
| | **जम्मा** | ३४८४६९२७.६ | | |
| | खर्च | | | |
| | दैविक प्रकोप राहत | | ५८४००० | |
| | परराष्ट्र मन्त्रालय क्षतिपूर्ति | ० | २२२०३०५.६३ | |
| | विभिन्न मुआव्जा | | ५३४६०४३.६३ | |
| | | | ८१५०३४९.२६ | २६६९६५७८.३४ |
| ४ | **धरौटी** | | | |
| | अत वर्षको अ.ल्या. | ४७६२८१६.३२ | | |
| | हालसम्मको आम्दानी | ९०००० | | |
| | **जम्मा** | ४८५२८१६.३२ | | |
| | फिर्ता | ० | | |
| | सदर स्याहा | ० | ० | ० |
| | **जम्मा** | ० | | |
| ५ | **राजश्व** | | | |
| | १४२५१ कम्पनी रजिष्ट्रेशन दस्तुर | १४१५५० | | |
| | १४२५७ हातहतियार इजाजत दस्तुर | ३४२५ | | |
| | १४४५१ सरकारी सम्पतिको वहालबाट प्राप्त आय | ० | | |
| | १४२१२ सरकारी सम्पति बिक्रीबाट प्राप्त रकम | ० | | |
| | १४२२४ परीक्षा दस्तुर | ५००० | | |
| | १४२२६ आयात निर्यात दस्तुर | ० | | |
| | १४२२७ राहदानी दस्तुर | २९१७५०० | | |
| | १४२४९ अन्य दस्तुर | ० | | |
| | १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ८७२७३३ | | |
| | १५१११ बेरुजु दाखिला | ० | | |
| | **जम्मा** | ३९४०२०८ | | |
| ६ | **बेरुजु** | | | |
| | कुल बेरुजु | | | |

## २०. कोभिड-१९ को व्यवस्थापन

### सल्लाकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्री श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद श्री कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

### कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री अर्जुन कुमार शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री दिवस आचार्य | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री तुलाराज सुनुवार | स.प्र.जि.अ. | ९८६३०२३००१ |
| श्री विष्णुप्रसाद सापकोटा | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री केशवराज प्याकुरेल | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री धिरज बानियाँ | प्र.अ.अ. | ९८४१९०८०९६ |
| डा. रोशन ग्वाछा | नि.मे.सु. | ९८५४०२३११४ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |

### जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| नि.मे.सु., जिल्ला अस्पताल | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |

### स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेशकुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| खाँडादेवी गा.पा | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्द ब. खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |

### रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| जिल्ला अस्पताल | डा. रोशन ग्वाछा | ९८५४०२३११४ |
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्रकुमार कर्ण | ९८५४०४५००७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

### जिल्लास्तरीय Rapid Response Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| डा. श्री जीवन चौधरी, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

## २१. जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु

*श्रावण २३, २०७७*

1. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ६५० जनाको PCR परीक्षण गरिएको, २७ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल ४ जना आइसोलेसनमा रहेका, हाल ७५ जना क्वारेन्टिनमा रहेके समीक्षा गरियो ।
2. देशभर निरन्तर बढ्दो क्रममा रहेको कोभिड-१९ महामारीलाई नियन्त्रण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी होम क्वारेन्टिन र होम आइसोलेसनको मापदण्ड पूर्ण रुपमा जिल्लामा पालना गर्न नसकिने देखिएकाले अर्को निर्णय नभए सम्मका लागि संक्रमित स्थानबाट जिल्ला भित्रिएकालाई संस्थागत क्वारेन्टिन र आइसोलेसनमा राख्ने व्यवस्था मिलाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
3. जिल्ला भित्र प्रवेश नाकामा चेक जाँचलाई थप कडाई गर्ने
4. औषधी इन्धन बाहेक सबै पसलहरु विहान ५ बजे देखि दिउँसो ४ बजे सम्म मात्र सञ्चालन गर्ने ।
5. यस जिल्ला भित्र लाग्ने हाटबजारहरु अर्को व्यवस्था नभए सम्मलाई बन्द गर्ने ।
6. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्धारा जारी सुरक्षा मापदण्ड सबै सरकारी, गैरसरकारी, बैंक, वित्तीय संस्था, सहकारी संस्था, उद्योगी, व्यापारीहरुले कडाईका साथ पालना गर्ने/गराउने ।
7. सबै पालिकाको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अनिवार्य मास्क, निश्चित दुरी कायम गर्ने र साबुनपानी वा स्यानीटाइजरले हातधुने व्यवस्था जनस्वास्थ्य कार्यालयले मिलाउने ।
8. सामुदायिक प्रहरी साझेदारी कार्यक्रमद्धारा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
9. जनस्वास्थ्य र सुरक्षाका मापदण्डको उल्लंघन गर्ने, व्यक्ति, समूह, संस्था, सञ्चालनको उच्च निगरानी गरी कार्वाही गर्ने।
10. कोरोना जाँचको दायरा बढेसँगै जिल्लामा संक्रमितको संख्या बढ्न सक्ने देखिएकाले आ-आफ्ना पालिकाले आफ्नो नागरिकको उपचारको लागि उपयुक्त स्थान र वेड सहितको आइसोलेसन तयार गर्ने र त्यसका लागि स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालसँग समन्वय गर्ने ।
11. मिति २०७७/०४/१४ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रलायले जारी गरेको कोरोना जाँचको नियमावलीलाई अवलम्बन गर्दै जिल्ला भरी संक्रमित स्थानबाट भित्रिने सबैलाई जिल्ला भित्रिएको ५-१० दिनमा कोरोना जाँच गर्ने, साथै अग्रपङ्तिमा कार्यरत व्यक्तिहरुलाई पनि जाँचको दायरामा ल्याउने र त्यसको लागि जिल्ला कोरोना सम्पर्क व्यक्ति (डा. आनन्द आचार्य) सँग प्रत्यक्ष समन्वय गर्ने ।
12. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको आपूर्तिको व्यवस्था रामेछाप उद्योग बाणिज्य संघले मिलाउने ।
13. जिल्लामा सञ्चालित एम्बुलेन्सहरुले विरामी बाहेक अन्य व्यक्ति बोक्ने, बिरामी बोक्न नमान्ने जस्ता गुनासो आएकाले सबै पालिका, स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले सोको निगरानी गरी नियमित सञ्चालनको व्यवस्था मिलाउने।
14. धर्म, संस्कार, विवाह, ब्रतवन्ध, चाडपर्व, मृत्यसंस्कारमा न्यूनतम व्यक्तिहरु मात्र जम्मा भई सम्पन्न गर्ने ।
15. होटल एवं रेष्टुरेन्टमा हुने सामुहिक भोज, पार्टी, सेमिनार वा अन्य सामुहिक भेला जस्ता कार्य निषेध गर्ने ।
16. औषधी व्यवसायीहरुले स्वास्थ्य सुरक्षाका सामाग्रीहरु सुपथ मुल्यमा विक्री वितरणको व्यवस्था मिलाउने यसको अनुगमन जिल्ला स्वास्थ्य कार्यालयले मिलाउने ।
17. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक सूचना सन्देश सबै पालिका/निकाय, संघ/संस्था, सञ्चार माध्यमहरुले प्रचार प्रसार गर्ने ।

*भाद्र ११, २०७७*

1. विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण यस जिल्ला भित्र निरन्तर बढी रहेको र उच्च स्तरमा बढ्ने जोखिम रहेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०५/०४ गतेको निर्णयमा छलफल गर्दा तथा यस जिल्लामा सो रोगको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले मिति २०७७/०५/०४ गते राती १२:०० देखि मिति २०७७/०५/१३ गते राती १२:०० बजेसम्म लगाईएको निषेधाज्ञालाई मिति २०७७/०५/१८ गते राती १२:०० बजेसम्म जारी राख्ने, अत्यावश्यक बाहेकका अन्य पसलहरु सञ्चालन गर्न सहजीकरण गर्ने ।
2. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा हाल सम्म ८९२ जनाको RDT परिक्षण, ११२५ जनाको PCR परीक्षण गरिएको, १०१२ जना Report Negative आएको ३३ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा सबै जना निको भएको, ८० जनाको Report आउन बाँकी रहेको, हाल १६ जना क्वारेन्टिनमा रहेको, समीक्षा गरियो ।

3. लागू गरिएको निषेधाज्ञाको पालना स्वास्थ्य तथा सुरक्षा मापदण्डको पालना भए/नभएको अनुगमन गरी मापदण्ड पालना गराउन देहाय बमोजिमको समिति गठन गरी अनुगमन गर्ने ।
   क) जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रले जिल्ला स्तरको अनुगमन गर्नेछ।
   ख) पालिका प्रमुख/अध्यक्षको संयोजकत्वमा पालिका स्तरको ।
   ग) वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरको ।
   घ) क्वारेन्टिन/आइसोलेसनको अनुगमन गर्ने र पालिकाको अनुगमन प्रतिनिधिका रुपमा जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालबाट प्रतिनिधित्व गर्ने ।
   ङ) उद्योग/व्यवसायको उद्योग बाणिज्य संघबाट ।
   च) होटल/रेष्टुरेन्टको होटल व्यवसायी संघबाट ।
   छ) सरकारी, गैरसरकारी, बैंक वित्तीय संस्था, सहकारी, संघ/संस्थाहरु र सम्बन्धि सबै निकायहरुले अनुगमन गरेको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
   (अनुगमन समिति प्रतिनिधिमूलक र न्यूनतम संख्या हुनुपर्ने)
   ज) अत्यावश्यक सेवासँग सम्बन्धित अति जरुरी पेशा, व्यवसाय सेवा सञ्चालन गर्दा मास्क लगाउने, निश्चित दूरी कायम गर्ने तथा साबुनपानी वा स्यानीटाइजरको प्रयोग लगायत जनस्वास्थ्य मापदण्ड, सुरक्षा मापदण्ड प्रोट्रोकलहरु र विषयगत मन्त्रालय/निकायबाट जारी भएका मापदण्ड निर्देशिका सम्बन्धित पेशा वा व्यवसाय सेवा सञ्चालन एवं व्यवस्थापन गर्ने, सबै सरकारी, गैर सरकारी, निजी, व्यक्ति, संस्थाले अनिवार्य पालना गर्ने/गराउने ।
4. सम्भाव्य सङ्क्रमित व्यक्ति, समूह, समुदाय क्षेत्र तथा स्थानमा RT-PCR परीक्षणको कार्य थप प्रभावकारी, बनाउन जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालबाट आवश्यक कार्य गर्ने र VTM परीक्षण किट खरिदको लागि पालिका, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटीलाई अनुरोध गर्ने ।
5. जनस्वास्थ्यका लागि पालना गर्नुपर्ने मापदण्डहरु विभिन्न स्वास्थ्य प्रोट्रोकलहरु, संक्रमणको सूचना दिने, संक्रमितलाई उपचारमा ल्याउने, सम्पर्कमा आएका व्यक्तिहरुको पहिचान गर्ने विषयहरु, संक्रमणपछि ध्यान दिनुपर्ने विषयहरु, रोगको संक्रमणबाट जोगिन र संक्रमण भए शिघ्र स्वास्थ्य लाभ गर्न गर्नुपर्ने र गर्न नहुने विषयहरु सम्बन्धमा सूचना संप्रेषण तथा जनचेतना अभिवृद्धि सम्बन्धि कार्य स्वास्थ्य कार्यालयले गर्ने ।
6. यस जिल्लाको विभिन्न नाकामा चेकजाँचलाई कडाई जिल्ला प्रहरी कार्यालयबाट गर्ने र जिल्ला भित्रिने व्यक्ति तथा सवारी साधनका कडाई गरी काठमाण्डौ उपत्यका लगायत उच्च संक्रमण भएका जिल्लाबाट आउने व्यक्तिहरुलाई १४ दिन होम क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
7. भारत लगायत तेस्रो मुलुकबाट आउने व्यक्तिलाई संस्थागत क्वारेन्टिनमा राख्न पालिकाहरुलाई अनुरोध गर्ने, ५ दिनपछि परीक्षण गर्ने व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने।
8. जिल्ला अस्पतालमा आइसोलेसन वेड थप गर्न प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गरी पठाइएको यस पूर्वको बैठकमा भएको निर्णयको Follow up गरी जिल्ला अस्पताल व्यवस्थापन समितिले वेड विस्तार गर्ने कार्य शिघ्र सम्पन्न गर्ने ।
9. जिल्लामा खाद्यान्न तथा इन्धनको नियमित आपूर्तिको व्यवस्था गरी आवश्यक मात्रामा भण्डारणको व्यवस्था उद्योग बाणिज्य संघबाट मिलाउने ।

शव व्यवस्थापनको स्थान तोकी पठाउन पटक-पटक पालिकाहरुलाई अनुरोध गरी पठाईएतापनि २ वटा पालिकाको बाहेक अन्य पालिकाबाट नआएकोले पालिकाबाट स्थान तोकी नआएमा जिल्ला सुरक्षा समितिले निर्णय गरी उपयुक्त स्थानमा शव व्यवस्थापन गरिनेछ ।

*भाद्र १८, २०७७*

1. नेपाल सरकार मिति २०७७/०५/१४ को निर्यानुसार, सबै प्रदेश सरकार तथा स्थानीय तहले संकट जोखिम विश्लेषणका आधारमा प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC) र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा Isolation वार्डको प्रबन्ध गर्ने, प्रदेश र स्थानीयबाट प्रबन्ध हुने आइसोलेसन वेडको व्यवस्था र संचालनका लागि आवश्यक बजेट प्रदेश कोरोना संक्रमण रोकथाम तथा उपचार कोषबाट उपलब्ध गराउने सो कोषबाट रकम उपलब्ध गराउन सक्ने अवस्था नभएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराउने निर्णानुसार छलफल गर्दा सोही अनुरुप स्थानीय तहहरुले Isolation bed विस्तार गर्ने ।
2. कोभिड-१९ को संक्रमणको दर बढिरहेकोले मिति २०७७/०५/१३ देखि मिति २०७७/०५/१८ गते राती १२ बजेसम्म लगाइएको निशेधाज्ञालाई मिति २०७७/०५/२५ गतेसम्म निरन्तरता दिने निर्णय गरियो । यस सम्बन्धि विस्तृत सूचना जिल्ला प्रशासन कार्यालयले जारी गर्ने ।

3. क्यान्सरका किमो लिने बिरामी, डाइलासिस गर्ने बिरामी अन्य दिर्घ रोगी बाहेक उपचार सम्भव भए सम्म जिल्ला भित्र कै अस्पताल, स्वास्थ्य संस्थामा उपचार गराउने व्यवस्था मिलाउने र यसको सहजिकरण स्थानीय पालिका वडातहबाट गर्ने ।
4. नियमीत उपचार गराउन काठमाण्डौ जाने/आउने विरामीमा कोभिड-१९ संक्रमित पुष्टि देखिन थालेकोले एम्बुलेन्स चालकहरुले Emergency विरामी मात्र लाने ल्याउने व्यवस्था गर्ने र एम्बुलेन्समा यात्रा गर्ने विरामीको विवरण, सम्पर्क नं. दैनिक रुपमा तयार गरी आवश्यक परेको अवस्थामा जनस्वास्थ्य कार्यालयमा पठाउने ।
5. कोभिड-१९ को कारण निषेधाज्ञा, बन्दाबन्दीले पारेको प्रभाव र जिल्लाबाट गर्नुपर्ने सहजीकरण सम्बन्धमा स्थानीय संकट व्यवस्थापन केन्द्रले निर्णय गरी जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रमा पठाउने ।
6. कुनै व्यक्तिमा कोभिड-१९ संक्रमण पुष्टि भएको जानकारी पाएपछि संक्रमित व्यक्ति तोकिएको Isolation मा बस्नु हुन र जिल्ला स्वास्थ्य कार्यालयको सहयोग एवं समन्वयमा Tracing गर्ने कार्य स्थानीय तहबाट गर्ने साथै संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरु अनिवार्य Home Isolation/क्वारेन्टिनमा बस्नु हुन र निजको घरमा खाद्यान्न लगायत अत्यावश्यक वस्तुको आपूर्तिको व्यवस्था सम्बन्धित वडाबाट मिलाउने ।
7. सबै नगरपालिका र गाउँपालिकाका वडा, टोल र समुदायस्तरमा वडाका प्रतिनिधि, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयमसेविका, रेडक्रस, गैससका प्रतिनिधिको गठित कोरोना रोकथाम समुह Covid-19 Prevention Group (CPG) लाई कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रत्रणमा सकृय रुपमा परिचालत गराउन पालिकाहरुलाई अनुरोध गर्ने ।
8. जिल्लाको बजार क्षेत्रहरुमा संचालनमा आएका खाद्यान्न पसल, रेष्टुरेन्ट, होटल, आदि उद्योग व्यवसायमा संलग्न व्यक्तिहरु धेरै जनसम्पर्कमा आउने र जोखिम हुने भएकोले त्यस्ता कर्मचारी तथा व्यवसायीहरुको सम्बन्धित उद्योग व्यवसायीहरुले आफ्नै खर्चमा अनिवार्य PCR परीक्षण गर्ने व्यवस्था मिलाई उद्योग व्यवसाय संचालन गर्ने र यसको व्यवस्था उद्योग बाणिज्य संघले गर्ने ।
9. छिमेकी जिल्लाहरुबाट धार्मिक, सास्कृतिक, पितृ कार्यको वहानामा ठूलो संख्यामा मानिसहरु आउने क्रम रहेकोले नियन्त्रणको लागि उपत्यका लगायतका जिल्लाहरुलाई अनुरोध गर्ने ।

*०१ असोज, २०७७*

मिति २०७७/०५/२९ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार तथा जिल्लाको कोभिड-१९ संक्रमणको जोखिमलाई विश्लेषण गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गरी अर्को निर्णय नभएसम्म देहायनुसारको व्यवस्था गरी विभिन्न सेवा तथा कार्यहरु सञ्चालन गर्न दिने निर्णय गरियो।

<u>देहाय</u>

१. अत्यावश्यक सेवा अन्तर्गतका औषधी पसल र स्वास्थ्य सामग्री विक्री गर्ने पसलहरु नियमित सञ्चालन गर्ने ।
२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर खाद्य बस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु दिउँसो ५:०० बजे सम्म मात्र सञ्चालन गर्ने
**३. अन्तर जिल्ला तथा जिल्ला भित्र  निजी तथा सार्वजनिक सवारी साधनहरु देहाय बमोजिमको हुने गरी सञ्चालन गर्ने।**
   ३.१. कुल सिट क्षमताको ५० प्रतिशत यात्रु रहने ।
   ३.२. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने ।
   ३.३. सबै यात्रुले अनिवार्य मास्क लगाउने ।
   ३.४. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने।
   ३.५. चालक तथा सह-चालकले मास्क,भाइजर र पञ्जा लगाउने ।
   ३.६. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने ।
   ३.७. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरुको कडाईका साथ पालना गर्नु पर्नेछ ।
   *यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने, जिल्ला भित्र सञ्चालन हुने सवारी साधन विहान ५:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने।*
   ३.८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार गरेको मापदण्ड बमोजिम यातायात र यात्रु व्यवस्थापन गर्नु पर्ने छ।
४. जिल्ला भित्रिने सवारीका चालक वा सहचालकले सवारी साधनमा यात्रा गर्ने व्यक्तिहरुको नाम, सम्पर्क नं. र पुग्ने स्थानको विवरण लिखित रुपमा नाकामा बस्ने सुरक्षाकर्मीलाई दिनु पर्नेछ । सुरक्षाकर्मीले सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
५. भारत तथा तेस्रो मुलुकबाट RT-PCR परीक्षण नगराई आएमा सम्बन्धित पालिकाले क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने, संक्रमित बढी भएका जिल्लाबाट आउने व्यक्तिहरु अनिवार्य रुपमा सेल्फ क्वारेन्टिनमा बस्नु पर्नेछ।

६. स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्न दिने (होटल, रेष्टुरेन्ट बेलुका ८:०० बजे सम्म)।

७. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगटिभ भएको (यात्रा गर्नु भन्दा ७२ घण्टाभित्र) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रुपमा रहने/बस्ने गरी जिल्ला प्रवेश गर्न अनुमति दिने ।

८. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । कार्यालय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने/गराउने।

९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परीक्षण मापदण्ड/ निर्देशिका बमोजिम जिल्ला स्वास्थ्य कार्यालयले सबै स्थानीय तहसँग समन्वय गरी परीक्षणको दायरा बढाउने ।

*असोज २८, २०७७*

1. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण पुष्टी १३४ भएको, ६७ जना निको भएका, ६७ जना आइसोलेसनमा बसेको समीक्षा गरियो ।

2. उद्योग बाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी, बैंक तथा वित्तीय संस्था, पेशा व्यवसायीहरुले सेवा प्रदान गर्दा भौतिक दूरी कायम गर्ने/गराउने, मास्क अनिवार्य गर्ने, साबुन पानी वा स्यानीटाइजरले हात धुने व्यवस्था कडाईका साथ पालना गर्ने/गराउने ।

3. जिल्लाका केही स्थानमा रहेका विद्यालयमा स्थानीय तह तथा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार भौतिक उपस्थितिमा पठन-पाठन भएको बुझिन आएकोले नेपाल सरकारबाट अर्को निर्णय/सूचना नभए सम्म पठन-पाठनका बैकल्पिक उपाय अपनाउने र भौतिक उपस्थितिमा विद्यालय खोली पठन पाठन गर्ने/गराउने कार्य बन्द गर्ने ।

4. जिल्लामा सञ्चालित विभिन्न हाइड्रो तथा विद्युत विकास परियोजनामा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देहाय बमोजिम गर्ने ।
   - क) स्थानीय कामदारबाट हुन सक्ने कार्यमा सकेसम्म बाहिरबाट कामदार नल्याउने ।
   - ख) ल्याउनै पर्ने भएमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पालिकालाई जानकारी गराई आयोजना स्थल भित्र क्वारेन्टिनमा राखी सो पश्चात मात्र काममा लगाउने ।
   - ग) कोभिड-१९ संक्रमण पुष्टि भएका व्यक्तिलाई आयोजना स्थलमै Isolation मा राखी उपचार गर्ने, थप उपचार आवश्यक भएमा आयोजना अवस्थित जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय र गन्तब्य जिल्लाको जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउने।
   - घ) संक्रमण भएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिलाई क्वारेन्टिनमा राखी Contact Tracing गर्ने ।
   - ङ) सरकारले तोकेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगराउने, संक्रमण पुष्टि भएका व्यक्तिहरु Isolation मा नराखी जथाभावी हिड्ने गरेको पाईएमा संक्रमक रोग ऐन, २०२० बमोजिम जिल्ला प्रशासन कार्यालयले कार्वाही गर्ने ।

5. कोभिड-१९ को रोकथाम तथा न्यूनीकरण गर्न स्थानीय तहका वडा अध्यक्षको संयोजकत्वमा स्वास्थ्य चौकीको प्रतिनिधि, प्रहरी चौकीको प्रतिनिधि, स्थानीय राजनीतिक दलको प्रतिनिधि, महिला स्वास्थ्य स्वयम सेविका र स्थानीय समाजसेवी रहेको कोभिड-१९ व्यवस्थापन र सहजीकरण समिति गठन गर्ने, समितिले प्रत्येक वडाको गाउँ टोलबाट टिमलिडर सहितको २/३ जनाको टीम गठन गरी देहाय बमोजिम गर्ने ।
   - क) कोभिड-१९ परीक्षणबाट पोजेटिभ देखिएकालाई होम आइसोलेसन वा संस्थागत आइसोलेसनमा राख्ने ।
   - ख) संक्रमितको सम्पर्कमा आएकालाई अन्यसँग घुलमिल हुन नदिने ।
   - ग) लक्षण देखिएका विरामी र सम्भावित जोखिमको जानकारी स्वास्थ्य कार्यालयलाई दिने ।
   - घ) स्वाव परीक्षण गरेका व्यक्तिको नतिजा नआउने समयसम्म निगरानी गर्ने ।

6. कोभिड-१९ को स्वाव परीक्षण गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको मापदण्डको पालना गर्ने।

7. संक्रमणको जोखिम उच्च बढेकोले भेला आयोजना गरि गरिने राजनैतिक कार्यक्रम, दशैका शुभकामना आदान प्रदान कार्यक्रम, राजनैतिक दल लगायत सबै संघ संस्थाहरुले स्थगन गर्ने ।

8. सार्वजनिक सभा, साधारण सभा, जुलुस, खेलकुद, पार्टी प्यालेस, हाटबजार, धार्मिक, सास्कृतिक भेला कुनै कार्यक्रम नगर्ने ।

9. संक्रमित संख्या बढ्दै गएकोले लक्षण देखिएका बिरामीलाई संस्थागत Isolation मा राखी उपचार गर्ने र लक्षण नदेखिएकालाई सरकारले तोकेको मापदण्ड पुरा भएको होम आइसोलेसनमा राखी उपचार गर्ने, यसको लागि स्वास्थ्य कार्यालयको प्रतिनिधि र सम्बन्धित पालिकाको स्वास्थ्य टीमबाट अनुगमन गरी संक्रमित व्यक्तिलाई पूर्ण आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने ।

10. स्वाव परीक्षण गरेका व्यक्तिहरु परीक्षणको रिपोर्ट नआएसम्म सेल्फ Isolation मा अनिवार्य वस्ने, हिडडुल नगर्ने, अन्य व्यक्तिको सम्पर्कमा नआउने ।

11. विभिन्न कार्यालय, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थाका कार्यरत कर्मचारीहरुलाई कोभिड-१९ संक्रमण पुष्टि हुँदा पूर्ण रुपमा कार्यालय बन्द नगरी न्यूनतम कर्मचारीबाट अत्यावश्यक सेवा दिने व्यवस्था मिलाउने ।

12. संक्रमितको संख्या दिनानुदिन बढेकोले जिल्ला अस्पताल तथा सबै स्थानीय तहलाई आइसोलेसनको क्षमता विस्तार गर्न अनुरोध गर्ने ।

13. संक्रमित व्यक्तिहरु सार्वजनिक तथा कार्यस्थलमा हिडडुल गर्ने, काममा जाने गरेको पाइएमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना नगर्ने व्यक्तिलाई संक्रमण रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयले कारवाही गर्ने।

14. नयाँ गोरख गणको परिसरमा ३० वेडको आइसोलेसन तयार भएको छ । सोमा सहयोग समाग्री प्रदान गर्ने रामेछाप न.पा. र मन्थली न.पा.लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

15. संक्रमणको रोकथाम न्यूनीकरण गर्ने हामी सबैको जिम्मेवारी र कर्तव्य हो । आम नागरिकलाई जिम्मेवार बनाउने सूचना तथा सन्दर्भहरु सञ्चारमाध्यमहरुबाट प्रवाह गर्न अनुरोध गर्ने ।

16. नजिकिदै गरेको विजयादशमीको सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। यस वर्षको दशैं विगतका वर्ष जस्तो आफन्त र परिवारजनमा भेलाभई मनाउन सहज नभएकोले जो जहाँ छौं त्यहीबाट मनाउनु हुन अनुरोध छ ।

*पौष १६, २०७७*

1. जिल्ला भित्र रहेको कोभिड-१९ को संक्रमण अवस्थाको समीक्षा गरियो । मिति २०७७ असोज २८ गतेको DCCMC को बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गर्दा कार्यान्वयन भई रहेको पाइयो । कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्ने ।

2. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र छाउनी, गृह मन्त्रालय तथा प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बागमती प्रदेशबाट विभिन्न मितिमा प्राप्त कोभिड-१९ सँग सम्बन्धित पत्रद्वारा लेखि आएको व्यहोरा कार्यान्वयन गर्ने ।

3. कोभिड-१९ को संक्रमणका कारण क्वारेन्टिन वा आईसोलेशनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका सरकारी तथा अर्ध सरकारी निकाय एवं कार्यालयमा कार्यरत कर्मचारीहरुका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टिन वा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गरी क्वारेन्टिन वा आईसोलेशनमा बसेका कर्मचारीहरुलाई बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरुलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरी दिने । निजी संघ संस्थाका हकमा समेत सोही अनुसारको व्यवस्था गर्ने ।

4. COVID-19 का सन्दर्भमा स्वीकृत विद्यालय सञ्चालन सम्बन्धी कार्य ढाँचा, २०७७ कार्यान्वयन गर्न सबै स्थानीय तहमा उपलब्ध गराउने ।

5. संयुक्त अधिराज्य, बेलायतमा हालै देखिएको कोरोना भाइरसको नयाँ प्रकार पहिलाको भन्दा बढी संक्रामक रहेको हुँदा सबै स्थानीय कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्रहरुले उच्च सतर्कतासाथ सूचना संकलन गरी मुलुक बाहिरबाट नेपाल आई जिल्ला भित्रीएका नागरिकहरुलाई छुट्टै क्वारेन्टिनमा व्यवस्थापन गरी PCR परीक्षणको व्यवस्था मिलाउने ।

6. COVID-19 को संक्रमणको जोखिमबाट बच्न र बचाउनका लागि हालसम्म खेल्नु भएको भूमिका प्रति जिल्ला समन्वय समिति, रामेछाप, सबै स्थानीय तहहरु, राजनैतिक दलहरु, पत्रकार महासंघ लगायत सबै सञ्चारकर्मीहरु, सरकारी तथा गैह्र सरकारी निकायहरु, नागरिक समाज, उद्योग बाणिज्य संघ, गैह्र सरकारी महासंघ लगायत सम्पूर्ण जिल्लावासीलाई धन्यवाद दिदैं COVID-19 को संक्रमणको अन्त्य भई नसकेको हुँदा आगामी दिनमा पनि स्वास्थ सम्बन्धि मापदण्ड पालनामा निरन्तरता दिन अनुरोध गर्ने ।

**१०. कारागारको सुरक्षा सम्बन्धमा देहाय बमोजिम गर्ने ।**

१०.१. कैदी बन्दीहरुसँग बाह्य व्यक्तिहरुको भेटघाट नियन्त्रण गर्ने ।

१०.२. नयाँ आउने कैदीबन्दीहरुलाई क्वारेन्टिनमा राख्ने, PCR Test Negative भए पश्चात मात्र अन्य कैदीबन्दीहरुसँग राख्ने व्यवस्था मिलाउने ।

१०.३. कैदीबन्दीहरुलाई अदालत/अस्पताल लैजादा स्वास्थ्यकर्मी वा सुरक्षाकर्मीले अनिवार्य रुपमा PPE Set, मास्क, ग्लोब लगाउने एवं तोकिए बमोजिम सामाजिक दुरी कायम गर्ने ।

१०.४. बिरामी कैदोबन्दीलाई छुटै राखी सम्भव भएसम्म कारागार मै कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी हरुबाट उपचार गर्ने व्यवस्था मिलाउने ।

१०.५. अस्पताल वा स्वास्थ्यकर्मी नभएका कारागारहरुमा जिल्ला अस्पताल वा स्वास्थ्य कार्यालयसँग समन्वय

गरी प्रत्येक हप्ता कारागारमा स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने ।

१०.६. कारागार भित्र कुनै कैदीबन्दी संक्रमित देखिएमा कारागार परिसर भित्रै छुट्टै आइसोलेसनको व्यवस्था गरी उपचार प्रबन्ध मिलाउने ।

१०.७. कारागारमा कोभिड-१९ जोखिम न्यूनीकरणका लाग स्थानीय तह, जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य निकाय र अन्य सम्बन्द्ध निकायहरुसँग समन्वय गरी स्रोतसाधनको व्यवस्थापन गर्ने ।

११. जिल्लामा तैनाथ नेपाली सेनाका कोभिड-१९ संक्रमण भएका व्यक्तिहरुलाई राख्न नेपाली सेनाको व्यारेक भित्रै उपयुक्त स्थानमा ३० वेड क्षमताको आइसोलेसन सेन्टर बनाउने । उक्त आइसोलेसन सेन्टर बनाउन स्थान तथा औषधी लगायतका सामाग्रीहरु नेपाली सेनाको स्थानीय यूनिट, जिल्ला स्वास्थ्य कार्यालय तथा रामेछाप नगरपालिकाबाट समेत आवश्यक समन्वय गरी व्यवस्थापन गर्ने ।

१२. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सबै स्थानीय तह (पालिका/वडास्तरमा), राजनैतिक दल, नेपाल रेडक्रस सोसाइटी, उद्योगी व्यवसाय, स्वास्थ्य कार्यालय, सुरक्षाकर्मीबाट जनचेतना फैलाउने ।

१३. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत बमोजिम रेडियो, एफ.एम., अनलाइन, स्व-अध्ययन, दूरशिक्षा लगायतका बैकल्पिक माध्यमबाट सिकाईलाई सहजीकरण गर्ने ।

१४. देहाय बमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्न नपाइने

१४.१. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)

१४.२. शैक्षिक र अन्य परीक्षा सञ्चालन

१४.३. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार

१४.४. अत्यावश्यक बाहेकका सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन

१४.५. सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल

१४.६. सैलुन, ब्यूटिपार्लर तथा स्पा

१४.७. स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब

१४.८. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति

१४.९. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणको खेल

१४.१०. दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेक सबै प्रकारका धार्मिकस्थल तथा सामाजिक स्थल

१४.११. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

१४.१२. हाटबजारमा पसल/व्यवसाय सञ्चालन गर्न ।

१४.१३. सहकारीहरु मार्फत बचत संकलन गर्ने कार्य ।

१५. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ। निषेधित सेवा तथा कार्य सञ्चालन भएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

## कोभिड-१९ सम्बन्धी विवरण

| क्र.स. | स्थानीय तह/अस्पताल | क्वारेन्टिन वेड संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भए का | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अस्पताल रामेछाप | ० | १८ | १० | | २०५ |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र | ० | १८ | ० | | ० |
| ३. | मन्थली नगरपालिका | ३ | २० | १०४ | | ९०१ |
| ४. | रामेछाप नगरपालिका | ० | १५ | ३० | | ३०७ |
| ५. | उमाकुण्ड गाउँपालिका | ० | ५ | २ | | २१४ |
| ६. | खाँडादेवी गाउँपालिका | ० | ७ | ३ | २०९ | १४५ |
| ७. | गोकुलगंगा गाउँपालिका | ० | १० | २७ | | २८८ |
| ८. | दोरम्बा गाउँपालिका | ० | ५ | १४ | | १४३ |
| ९. | लिखु तामाकोशी गा.पा. | ० | ७ | २० | | १५३ |
| १० | सुनापती गाउँपालिका | २६ | ४ | १० | | १६९ |
| जम्मा | | २९ | १०८ | २२० | २०९ | २५२५ |

**RDT** परीक्षण गरिएको संख्याः- ८९२ (महिला-१८५ र पुरुष-७०७)

जिल्ला बाहिर स्वाव परीक्षणबाट Positive आएकोः- २९४ (म.-९९ र पु.-२०६)

## २२. अन्या जरीवाना/कार्वाहीहरु

1. निषेधाज्ञाको उल्लघन गरी तराईका जिल्लाबाट अनुमति विना यस जिल्लमा यूरिया मल ल्याई विक्रि वितरण कार्य गर्न खोजेको अवस्थामा फेला पारी उक्त कार्य गर्नेलाई संक्रमण रोग ऐन, २०२० बमोजिम रु.६००।— (छ सय) जरिवाना गरी १७ बोरा मल समेत जफत गरिएको।
2. तपाईको 'मास्क' खै ? अभियान पश्चात मास्क नलागाई हिड्ने र अटेरी गर्नेहरु उपर ४९४ जनालाई रु.४९,४०० जरिवाना गरिएको छ, मास्क नलगाई हिड्नेहरुलाई सचेत गराई छाडिएको ।

## तपाईको 'मास्क' खै ? अभियान शुरु






विश्वमा महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को जोखिम न्यूनिकरण गर्न तथा जनचेतनामूलक सन्देश फैलाउनका लागि यस कार्यालय र जिल्ला प्रहरी कार्यालय रामेछापको संयुक्त आयोजनामा तपाईको मास्क खै? अभियान शुरु गरीएको छ । उक्त अभियान नारा "कोभिड-१९ को संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं" भन्ने रहेको छ । यो अभियान मिति २०७७/०४/१४ गते जिल्ला सदरमुकाम मन्थलीमा र मिति २०७७/०४/२७ गते रामेछाप बजारमा *र्‍यालि सहित मास्क वितरण गरिएको छ ।अभियानको दिन मन्थली बजारमा मास्क विना हिड्डुल गर्ने नागरिकहरुलाई २२०० वटा र रामेछाप बजारमा ७०० वटा गरी जम्मा २९०० वटा मास्क वितरण गरि त्यसपछि स्वयमले किनेर लगाउने पर्ने, नलगाउनेलाई जरिवाना काटिने जानगारी गराइएको र कोभिड-१९ बाट बच्नका लागि अनिवार्य मास्क लगाई हिड्न अनुरोध गरिएको छ ।*




*प्रमुख जिल्ला अधिकारी श्री अर्जुन कुमार शर्माज्यूको स्वागत गर्दै कार्यालय परिवार*



*प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको विदाई पश्चातको कार्यालय परिवार*

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, रामेछाप**
*फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८*
**Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np** टोलफ्री नं. १६६०४५५४८८८